# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाज आजको अवस्थामा आइपुग्न शिक्षाले एक महत्वपूर्ण कार्य गरिरहेको छ । विद्यालय शिक्षालाई औपचारिक शिक्षाको पहिलो खुड्किलाको रुपमा लिइन्छ । जुन सुकै स्थानमा र जुन रुपमा रहे पनि विद्यालयको प्रमुख उद्देश्य आफ्नो वरिपरिका समुदायमा बसोवास गर्ने जन समुदायको शैक्षिक माग पुरा गर्न आवश्यक सेवा उपलब्ध गराउनु हो ।

मानव सभ्यताको निरन्तरता र सम्वृद्धिका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ । बालकलाई विभिन्न प्रकारका अनुभव दिने परिपक्व वनाउदै परिवार समुदाय र राष्ट्रको लागि उपयुक्त जनशक्तिका रुपमा प्रस्तुत गराउने काम शिक्षाको हो (अर्याल, २०६४) ।

शिक्षाले व्यक्तिमा अन्तरनिहित क्षमताको प्रस्फुटन र विकास गराउछ व्यक्तिको चौतर्फि विकासमा आवश्यक सहयोग र पथ प्रदर्शन गरी समाजमा सीपमूलक र उत्पादन मूलक नागरिक तयार गर्दछ । यस अर्थमा शिक्षा समाजको ज्योति हो । औपचारिक शिक्षा प्रदान गर्ने मूख्य थलो भनेकै विद्यालय तथा महाविद्यालयहरु हुन् ।

मुलुकको चौतर्फी विकासका लागि शिक्षालाई प्रमुख माध्यमको रुपमा लिइएको छ । सचेत सक्षम र सु-सुचित नागरिकहरु सामाजिक तथा आर्थिक विकासको आधारशीला हुन भने शिक्षा यी सवै पक्षहरुको प्रमुख कारक हो (दशौयोजना २०५९-२०६४) ।

मानव अधिकारको विश्वव्यापी घोषणाको पहिलो वुँदामा “प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ” (घोषणापत्र १९६८ : धारा २६) भनी उल्लेख गरिएको छ ।

जुनसुकै वर्गका वा जातजातिका लागि शिक्षा जीवनको आधारशीला हो । यसले देश विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिसको हरक्षेत्र र जीवनका लागि शिक्षा एक महत्वपूर्ण तत्वका रुपमा मानिन्छ । शिक्षा जीवन पर्यन्त तथा सर्वव्यापक मानवीय अधिकारको रुपमा स्थापित भएको पाइन्छ । समाजको आवश्यकता तथा राष्ट्रिय आवश्यकता पूरा गराउनका लागि नैतिक तथा चरित्रवान नागरिक उत्पादन गरी देशको सर्वाङ्गीण विकास गराउनमा शिक्षाले महत्वपूर्ण भूमिका खेल्दछ ।

समयको गति तथा जनसंख्याको तीव्र वृद्धि सँग सँगै नेपालमा विद्यालयहरुको संख्या उल्लेखनीय रुपमा वृद्धि हुनु स्वभाविक देखिए पनि विद्यालयको संख्याको वृद्धिदर वढे अनुरुप शिक्षाको गुणस्तरमा भने वृद्धि भएको पाइदैन, यस कुरालाई विभिन्न समयमा गठन गरिएका शिक्षा सम्वन्धी राष्ट्रिय स्तरका आयोगहरुले प्रकाशित गरेका प्रतिवेदनहरु तथा तत्कालीन समय देखि हाल सम्मका माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका परिणामहरुले समेत पुष्टी गरेका छन् (भट्टराई, २०६५)।

शिक्षा सार्वजनिक चासो एवंम् वालवालिकाको नैसर्गिक अधिकारको विषय भएकोले प्रत्येक वालवालिकाहरुलाई गुणस्तरीय शिक्षाको अवसर सुनिस्चित गर्न स्थानीय निकाय र सरोकारवालाको सहभागिता अनिवार्य सर्त मानिन्छ । नेपालको विद्यालय शिक्षाको विकास प्रकृयामा समुदायको महत्वपूर्ण भूमिका रहदै आएको छ । शैक्षिक इतिहासले पनि यही कुरालाई पुष्टि गरेको छ । विशेषगरी २००७ सालको परिवर्तन पछि समाज विकासको क्रम संगसंगै सामाजिक सुधार कार्य अनुरुप समुदाय द्वारा समुदायकै प्रयासमा विद्यालय स्थापना र संचालन हुँदै आएको पाइन्छ । वि.सं. २०२८ मा लागू भएको नयाँ शिक्षा पद्धतिको योजना संगसंगै विद्यालय संचालन एवम् व्यवस्थापनको प्रत्यक्ष जिम्मेवारी सरकारले लिए पश्चात समुदायको जिम्मेवारी न्यून भएको महसुस गरियो । विभिन्न माध्यमवाट समुदायलाई विद्यालयको व्यवस्थापनमा सहभागी गराउने प्रयास भएतापनि उल्लेख्य सफलता हासिल हुन सकेन (शिक्षा विभाग, २०६४) ।

कुनै पनि देशको विकास तथा समुन्नति शिक्षाको गुणस्तरमा नै निर्भर गर्दछ । गुणस्तरीय जनशक्तिले नै यसको आधार प्रदान गर्ने भएकोले गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्ने कार्य शिक्षाको प्रमुख कार्यका रुपमा रहदै आएको छ (खनाल २०६४) ।

राष्ट्र विकासको मेरुदण्डको रुपमा रहेको शैक्षिक विकासलाई योजनावद्ध रुपमा संचालन गर्न केन्द्रीय तह देखि विद्यालय तह सम्म शैक्षिक व्यवस्थापनलाई सुदृढ गरी अपेक्षित लक्ष्य हासिल गर्न नसके शिक्षा क्षेत्रमा गरिएको लगानीले सार्थकता नपाउने कुरा निर्विवाद छ (शर्मा, २०६३) ।

अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा समुदायस्तरमा गरिएको विविध प्रयास र दाता एवंम् सहयोगी संस्थाहरुको भूमिकाका वावजुद नेपालका विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउन सकिएको छैन । सवैका लाीग शिक्षाको वास्तविक लक्ष प्राप्त गर्न विद्यालमा भर्ना भएका सवै वालवालिकाहरुले तोकिएको समयमा

अर्थात पाँच वर्षको अवधिमा प्राथमिक तह पूरा गर्नु पर्ने भएकोले यो कार्य चुनौति पूर्ण छ । यस दृष्टिकोणवाट सवैका लागि शिक्षाको लक्ष्य पूरा गर्न हाम्रो सन्दर्भमा अझ धेरै कामगर्न बाँकी छ । यसमा थप प्रयासको आवश्यकता पर्ने देखिन्छ (लम्साल, २०६४) । औपचारिक शिक्षाको पहिलो खुड्कीलाको रुपमा रहेको प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा सवै भन्दा महत्वपूर्ण पदमा रहेको प्रधानाध्यापकको भूमिका यसमा सवैभन्दा महत्वपुर्ण हुन्छ ।

समुदायमा विद्यालय रहदा रहदै पनि सामुदायिक विद्यालयमा वालवालिकाहरुको सहभागिता न्यून रहेको छ । विद्यार्थीहरुले विद्यालय छाड्ने कक्षा दोहोऱ्याउने वा प्राथमिक चक्र पुरा नगर्ने प्रवृति प्राथमिक कक्षाहरुमा विकराल रुपमा देखिएको छ । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्ये केवल ३७.३% कक्षा २ मा जान्छन् भने अन्य असफल भएर कक्षा दोहोऱ्याउछन् या विद्यालय छाडेर जान्छन् । तिनीहरुलाई प्राथमिक विद्यालयमा ५ कक्षा उत्तीर्ण नगरुन्जेल कसरी थामी राख्ने भन्ने ठुलो चुनौति रहेको छ (काफ्ले, र साथीहरु २०६२) प्राथमिक तह पूरा गर्न विद्यार्थीहरुलाई सरदर ९ देखि १२ वर्ष सम्म लाग्ने कुरा देखिएको छ । यसवाट प्राथमिक शिक्षाका निमित्त सरकारले गरेको लगानीको उचित सदुपयोग नभएको देखिन्छ (अधिकारी, २०६२) ।

शैक्षिक सेवा सुविधाको विकास तथा प्रभावकारीताको अभिवृद्धिको लागि सरोकारवालालाई प्रत्यक्षरुपमा सहभागि गराई शैक्षिक प्रकृयामा आम नागरिकलाई अधिक मात्रामा सहभागिता हुने अवसर सिर्जना गर्नु पर्दछ । यसको लागि स्थानीय आवश्यकता अनुरुपमा शैक्षिक कार्यक्रमहरु संचालन तथा व्यवस्थापनका क्रममा प्राथमिक सरोकार वालाहरुलाई शैक्षिक योजना तर्जुमा, कार्यान्वयन र प्रतिफलको उपयोग सम्मको प्रकृयामा प्रत्यक्ष रुपमा सहभागी गराउनु पर्दछ । समाजका प्रत्येक सदस्यलाई शैक्षिक लाभको भागिदार वनाउने कार्यमा शैक्षिक विकेन्द्रिकरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयको चुनौतिपूर्ण पक्ष भनेको सवल व्यवस्थापन पनि हो । शैक्षिक व्यवस्थापन सुदृढ नभए सम्म शैक्षिक वातावरण सुदृढ हुन सक्तैन । यस वाट उचित शैक्षिक प्रतिफल पनि प्राप्त हुन सक्तैन । उचित शैक्षिक व्यवस्थापन विनाको उपलब्धि खोज्नु भनेको सिस्नु खान नसक्नेले दूध र भात मूक्याउन खोज्नु जस्तै हुन्छ (चौलागाई, २०६५) । तसर्थ शैक्षिक व्यवस्थापनमा विना भेदभाव उत्तरदायित्वको भावना जागृत हुनु पर्दछ ।

नेपालमा प्राथमिक तहको सामुदायिक विद्यालय शिक्षा निशुल्क गरिएको छ भने यस तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक दिइएको छ । त्यस्तै कूल छात्रा

संख्याको पचास प्रतिशत छात्राहरु, सम्पुर्ण दलित तथा अपाङ्ग विद्यार्थीहरुका लागि दिवा खाजा तथा अभिभावकहरुका लागि खाने तेलको वितरण हुदै आइरहेको छ । कुल राष्ट्रिय वजेटको अधिकतम मात्रा शिक्षामा लगानी गरिएको भएतापनि कतिपय वालवालिकाहरु विद्यालयमा पढ्न नआउनु पढ्न आएका विद्यार्थीहरु मध्ये पनि कतिपय विद्यार्थीहरुले वीचैमा पढाई छाड्नु आदि कारणहरुले शिक्षाको संख्यात्मक र गुणात्मक विकासमा नकारात्मक प्रभाव पारेको देखिन्छ । यसै परिप्रेक्षमा आफ्नो समुदायमा (आफ्नो सेवा क्षेत्रमा ) प्रशस्त सरकारी लगानी भइरहेको सामुदायिक विद्यायमा सोही क्षेत्रमा वसोवास गर्ने अभिभावकहरुले आफ्ना छोरा छोरीलाई नपढाएर महङ्गो शुल्क तिरेर संस्थागत विद्यायमा पढाउनुपर्ने अवस्था किन सिर्जना भयो भन्ने तथ्यलाई केन्द्रविन्दु मानी यो अध्ययनमा धनकुटा नगरपालिका का नगरक्षेत्रका ३ ओटा उच्च मा.वि. र ५ ओटा प्रा.वि.हरुको अध्ययनगरी आवश्यक सुझाव दिने प्रयास गरिएको छ । शोध शीर्षकले उठाएको विद्यार्थी सहभागिताको अर्थलाई यहाँ संख्यात्मक अर्थमा हेरिएको छ । अभिभावकहरुले आफ्ना नानीहरु सामुदायिक विद्यालयहरुमा भर्ना गराउनुलाई नै सहभागिताको रुपमा हेरिएको हो ।

## १.२ समस्याको कथन

प्राथमिक तहको विद्यालय शिक्षावाट मानिसले प्राप्त गर्ने औपचारिक शिक्षाको थालनी हुन्छ । सरकारको प्राथमिक तहमा शिक्षाको बजेटको ठूलो हिस्सा खर्च हुने गरेको छ । यस तहमा सामुदायिक विद्यालयमा आफ्ना वालवालिकाहरु पढाउदा अभिभावकहरुको प्रत्यक्ष लगानी हुदैन । असहाय, पिछडिएका तथा आर्थिक रुपमा पछाडी पारिएका वर्गका लागि छात्र वृत्तिको व्यवस्था पनि गरिएको छ जवकि संस्थागत (निजी) विद्यालयमा पढाउँदा महंगो शुल्क तिर्नु पर्दछ । प्रस्तुत अध्ययन क्षेत्रमा प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या सामुदायिक विद्यालयवाट दिनानु दिन घट्दै जानुले यस किसिमको समस्या सिर्जना भएको छ ।

प्रस्तुत अध्ययन क्षेत्रको एउटा सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरुको संख्यात्मक अवस्था उल्लेख्य छ भने अरुमा अति न्यून भएको अवस्था छ । तालिम प्राप्त शिक्षकहरु तथा विषय वस्तुमा दक्ष शिक्षकहरु तथा प्रधानाध्यापकहरुको कमजोर प्रशासन भएर वा कार्यरत शिक्षकहरुलाई सवल र सक्षम नेतृत्व प्रदान गर्न नसकेर, समुदाय, विद्यालय व्यवस्थापन समिति, श्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालय समेतले

विद्यालयको सर्वाङ्गीण पक्षमा सुधार गरी विद्यार्थी सहभागिता वढाउन नसकेको, विद्यमान समस्याको निराकरणका लागि ठोस कदम नभएका हुन वा भए गरिएका प्रयाशहरु पनि परिणाम मुखी वन्न नसकेका हुन, जसले गर्दा यस किसिमको समस्या सिर्जना भएको छ ।

यो शोधले निम्न समस्याहरुको पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउने कोशीस गरेको छ :

सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरुको संख्यात्मक सहभागिता कस्तो छ ? विद्यार्थी सहभागितामा न्यूनता सिर्जना गर्ने कारण के के हुन ? विद्यार्थी सहभागिताको न्यूनताले पर्न जाने दूरगामी प्रभावहरु र यो समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

विद्यालयको सेवाक्षेत्रभित्र वसोवास गर्ने अभिभावकहरुले समेत किन आफ्ना वालवालिकाहरु आफ्नै समुदायमा रहेका विद्यालयहरुमा पढाउदैनन् । विद्यालय आउने गरेका विद्यार्थीहरु पनि किन एउटा तह पूरा नगरी विद्यालय परिवर्तन गर्छन् ? सामुदायिक विद्यालयको गुणस्तरमा किन प्रशस्त शंका गरिन्छ ? यी सवैका कारण विद्यार्थी र निजका अभिभावकहरु मात्र दोषी छैनन्, विद्यालय स्वयम् पनि दोषी छ । त्यहाँ काम गर्ने शिक्षक कर्मचारी लगायत प्र.अ. र व्यवस्थापन समिति पनि दोषी छ । विद्यालयको नेतृत्व प्रदान गर्ने प्र.अ. को कार्य कुशलताका कारण यस्तो अवस्थाको सिर्जना भएको हो वा विभिन्न सरकारी नीति नियमले वा लगानीको अपर्याप्तताले, सरोकार वालाहरुको सहयोग र समर्थन नपाएर सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी सहभागिता घट्दै गएको हो । प्रस्तुत अध्ययनमा यसको कारण पत्ता लगाई समस्या समाधानका उपायहरु पस्तुत गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

प्राथमिक तहको शिक्षाको मूलभुत उद्देश्य “शिक्षालाई वाल केन्द्रित गरी वालवालिकामा अन्तर्निहित क्षमताको विकास गर्ने, दैनिक व्यवहारमा आइपर्ने साधारण लेखाइ पढाइ र हिसाव सम्वन्धी सीपको विकास गर्ने जीवनोपयोगी मूल्य, मान्यता र आस्थाहरुको सम्वर्द्धन गरी इमान्दारी, स्वावलम्वन र श्रमशील जस्ता गुणहरु र नागरिक वैज्ञानिक तथा  वातावरणीय चेतनाको विकास गर्ने” भएकोले शिक्षाको उक्त राष्ट्रिय उद्देश्य पूरा गर्नका लागि प्राथमिक तहमा विद्यार्थीको संख्यात्मक सहभागिता वढाई गुणस्तरीय शिक्षा प्रदान गर्नु आजको आवश्यकता हो ।

विद्यालयको प्रमुख नेतृत्व लिने प्रधानाध्यापकले शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्नका लागि प्रयत्नरत रहनुका अतिरिक्त शैक्षिक क्षतिहरु जस्तै : विद्यालय जाने उमेर समूह भएपनि पढ्न नआउने, विद्यालयमा भर्ना भई वीचैमा पढाइ छोड्ने, परीक्षामा अनुतीर्ण हुने, अत्यन्त कम अङ्क ल्याएर उत्तीर्ण हुने, परीक्षामा राम्रो गर्ने तर व्यवहारमा उपयोगमा ल्याउन नसक्ने जस्ता क्षतिहरु न्यूनीकरण गर्न विशेष योजना वनाएर कार्यान्वयन गर्न सक्नु पर्दछ । यसका लागि प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा विद्यालय सँग सरोकार राख्नेहरु सँग सर-सल्लाह र वैठक गरी सवैको सहमतिमा SIP निर्माण गरी कार्यान्वयन गराउनु पर्दछ । औपचारिक शिक्षाको पहिलो तथा आधारभूत खुड्किलाको रुपमा रहेको विद्यालयको प्राथमिक तहलाई सक्षम, सुदृढ, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी वनाईएको खण्डमा मात्र यस भन्दा माथिका तहहरु (निम्न माध्यामिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा) प्रभावकारी वन्न सक्छन् ।

सरकारले प्राथमिक तहमा अन्य तहको तुलनामा वढी लगानी गरेको छ । विद्यालयमा कुनै प्रकारको शुल्क तिर्नु पर्दैन । पाठ्य पुस्तक निशुल्क पाइन्छ । छात्रहरु र दलित विद्यार्थीहरुको लागि छात्रवृति प्राप्त हुन्छ । कार्यरत शिक्षकहरुको तलवका अतिरिक्त मसलन्द र विद्यालय सुधार योजना वापतको रकम पनि प्राप्त हुन्छ । यति हुँदा हुदै पनि सामुदायिक विद्यालयको शिक्षा अनुत्पादक, अप्रभावकारी र गुणस्तरहीन भएको महशुस गरी प्राय अभिभावकहरुले आफ्ना छोरा छोरीहरुलाई महँङ्गो शुल्क तिरेर भएपनि संस्थागत (निजी) विद्यालयहरुमा भर्ना गर्न लगेको पाइन्छ । एकातर्फ सामुदायिक विद्यालयहरुको शैक्षिक तथा अन्य व्यवस्थापकीय पक्ष फितलो भएको कारणवाट विद्यार्थी सहभागिता घट्दै गइरहेको छ भने अर्को तर्फ अभिभावकहरु तथा सरकारको शिक्षामा लगानी खेर गइरहेको छ । यहाँ सोचनीय कुरा के छ भने आर्थिक हैसियत राम्रो  हुने अभिभावकहरुले आफ्ना नानीहरु संस्थागत विद्यालयमा पढाउनु त ठीकै हो तर मजदुरी गरेर जहान परिवारको पालन पोषण गर्ने स्तरका अभिभावकहरुले समेत आफ्ना वाल वालिकाहरु संस्थागत (निजी) विद्यालयमा पढाउनु गम्भिर सवाल हो ।

सामुदायिक विद्यालयहरु नियमित रुपमा सञ्चालन नहुनु, शिक्षकहरु आफ्नो पेशा प्रति उदासिन देखिनु, उनीहरुको कामको सही मुल्यांकन नहुनु, विद्यालयको समग्र शैक्षिक स्तर खस्कदै जानुको मूख्य कारण विद्यालयको व्यवस्थापकीय पक्ष कमजोर हुदै जानु,

विद्यालयलाई नेतृत्व प्रदान गर्ने प्रधानाध्यापकले आफ्नो जिम्मेवारी प्रभावकारी ढंगवाट निर्वाह गर्न नसकेर नै हो ।

शिक्षाको विकासका साथ साथै सामाजिक रुपान्तरणका लागि वदलिदो परिस्थितिमा समायोजन हुन सक्ने शिक्षा आजको आवश्यकता हो । प्राथमिक विद्यालय तहमा संलग्न मानव संशाधनको क्षमता विकास गर्दै स्तरीय सेवा प्रदान गर्न सकेमा उचित प्रतिफल पाउन सकिन्छ । जनसंख्याको वृद्धि सँगै हरेक क्षेत्रमा विद्यालय उमेर समूहका विद्यार्थीहरुको संख्या वृद्धि भइरहेको छ । सामुदायिक विद्यालयको प्राथमिक तहमा भने दिन दिनै विद्यार्थीहरुको संख्यात्मक सहभागिता कम हुदै गएको छ । विद्यार्थी संख्याको न्यूनताले प्राथमिक तहमा गरिएको शिक्षाको लगानीको असमान वितरण हुने गर्दछ । यसवाट प्रति एकाइ लागतमा वृद्धि हुने गर्दछ । यो अवस्थावाट सिर्जना हुने समस्याको समयमा नै निराकरण गर्नु जरुरी हुन्छ । यो अध्ययनवाट प्राप्त निश्कर्षले शिक्षाका नीति, निर्माता, शिक्षाविद, व्यवस्थापन पक्षामा सम्लग्न व्यक्तिहरु, प्र.अ. शिक्षक तथा सरोकारवालाहरु सवैका लागि समेत यो अध्ययन मार्गदर्शक बन्न सक्दछ ।

यस अध्ययनको औचित्यलाई निम्न आधारमा पुष्टिगर्न सकिन्छ । यो अध्ययनवाट सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी सहभागिताको संख्यात्मक पहिचान गर्न सकिन्छ, त्यस्तै विद्यालयमा योजना निर्माण र कार्यान्वयनको अवस्था पहिचान गर्न, विद्यालय सँग सम्वन्धित विभिन्न पक्षहरुमा मानव संसाधन परिचालनका लागि प्र.अ. को नेतृत्वदायी भूमिकाको विश्लेषण गर्न, बदलिदो परिस्थितिमा प्रशासन र व्यवस्थापन पक्षमा भएको परिवर्तन आफ्ना कमी कमजोरीहरु सुधार गर्न विद्यालयहरुले ठोस कदम चाले नचालेको विद्यार्थीहरुको सहभागिताको न्यूनताको कारण पत्ता लगाउन यसवाट पर्ने प्रभाव, समस्या समाधानको उपाय पत्ता लगाई नीति निर्माणका तहमा समेत आबश्यक सुझाव दिन समेत यो अध्ययनको औचित्य रहेको छ । यस अध्ययनबाट प्राप्त निश्कर्ष शिक्षक, प्रधानाध्यापक नीति निर्माता तथा व्यवस्थापकहरुका लागि समेत मार्ग निर्देशक बन्न सक्नेछ ।

## १.४ अध्ययनको उद्देश्यहरु

अध्ययनका निम्न उद्देश्यहरु रहेका छन् :

१. सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिताको अवस्था पहिचान गर्नु ।

२. विद्यार्थीको संख्यात्मक सहभागिता न्युन हुने कारण पत्ता लगाउनु ।

३. विद्यार्थी सहभागिताले पारेको प्रभाव विश्लेषण गर्नु ।

४. विद्यार्थी सहभागिता बढाउने उपायहरु पत्ता लगाउनु ।

५. समस्या समाधानका लागि आवश्यक सुझाव दिनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका मूख्य अनुसन्धानमूलक प्रश्नहरु निम्न अनुसार छन् :

(क) सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता कस्तो छ ?

(ख) सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता क्रमश : न्यून हुदै जाने अवस्थाप्रति विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिका अध्यक्षहरु तथा स्थानीय शिक्षा क्षेत्रका बुद्धिजीवीहरुको धारणा कस्तो छ ?

(ग) सामुदायिक विद्यालमा विद्यार्थी सहभागिता न्यून हुनुका कारणहरु के के हुन् ?

(घ) विद्यार्थी सहभागिता घट्दै जादा कस्तो प्रभाव पर्छ ?

(ङ) विद्यार्थी सहभागिता बढाउने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययनको क्षेत्र धनकुटा नगरपालिकाको नगरक्षेत्रका तीनओटा उच्च मा.वि. र पाँचओटा प्रा.वि.हरु रहेका छन् । यो अध्ययनमा छनौटमा परेका विद्यालयहरुको शैक्षिक सत्र २०६२ देखि शैक्षिक सत्र २०६६ सम्मको विद्यार्थी संख्यालाई मुख्य आधार वनाई विश्लेषण गरिएको छ । यो अध्ययनका क्रममा पाँच शैक्षिक सत्रको विद्यार्थीको संख्यात्मक सहभागिता घट्दो वा वढ्दो क्रममा रहेका विद्यालयहरुको व्यवस्थापन पक्षलाई अध्ययनको विषय वस्तु वनाईको छ । यसका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु, अभिभावकहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र नगर क्षेत्रमा वसोवास गर्ने शिक्षा क्षेत्रमा विशेष योगदान गर्ने वुद्धिजीवी तथा शिक्षाकर्मीहरुलाई सोधिएको प्रश्नावलीवाट आएको जवाफलाई विश्लेषण गरिएको छ । यो अध्ययनको विषयवस्तु हेर्दा यसलाई वृहत क्षेत्रमा अध्ययनगरी निश्कर्षमा पुग्नु पर्ने देखिन्छ तर साधन श्रोत र समय अभावले यसलाई निम्न आधारहरुमा सीमित गरिएको छ :

यो अध्ययन धनकुटा नगरपालिकाका नगर क्षेत्रका तीन ओटा सामुदायिक उच्च मा.वि. र पाँच ओटा प्रा.वि.हरुमा सीमित छ । यसमा सीमित साधन र स्रोतको प्रयोग

भएको छ । यो अध्ययन नमुना छनौटमा परेका विद्यालयहरुका प्र.अ.हरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावक र स्थानीय शिक्षाकर्मीहरु (वृद्धिजीवी) सँग सोधिएको प्रश्नहरुको विश्लेषण र अवस्थाको अवलोकन तथा विश्लेषणमा सीमित छ । यो अध्ययन शैक्षिक सत्र २०६२ देखि शै.स. २०६६ सम्मको विद्यार्थी सहभागिताको संख्यात्मक अवस्थामा सीमित छ । छनौट गरिएका नमुनाहरुले अध्ययन गरिएको क्षेत्र भित्रका सरोकारवालाहरु सवैको प्रतिनिधित्व गर्दछन् भन्ने मान्यता राखिएको छ ।

यो अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी सहभागिता सँग सम्वन्धित छ । हालैका दिनहरुमा सामुदायिक विद्यालयहरुको प्रा.वि. तहमा विद्यार्थीको संख्यात्मक सहभागिता घट्दै गएको र संस्थागत विद्यालयमा बढ्दै गएको पाइन्छ यसका विभिन्न कारणहरु हुन सक्तछन् तर यो अध्ययनमा विद्यालयको व्यवस्थापन पक्ष र विद्यार्थी संख्याको संख्यात्मक सहभागितामा पर्ने प्रभावको अध्ययन गरिएको छ । अध्ययन विगत चार शैक्षिक सत्रको र हालको एक शैक्षिक सत्र गरी पाँच शैक्षिक सत्रको विद्यार्थी संख्याको संख्यात्मक विश्लेषणमा सीमित छ ।

# परिच्छेद : दुई

# सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन


अध्ययनको यस परिच्छेदमा सैद्धान्तिक खाका र पूर्व साहित्यको पुनरावलोकन गरिएको छ । अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो खण्डमा यो अध्ययन सँग सम्वन्धित सैद्धान्तिक खाका र दोश्रो खण्डमा सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक खाका

फोलेट (१८६८-१९३३)का अनुसार कुनै पनि संघ संगठन संचालन गर्दा त्यहाँ काम गर्ने कामदारहरु बीच राम्रो मानवीय सम्वन्ध भएमा कार्य सम्पादन छिटो सरल, राम्रो र स्तरीय हुन्छ । काम गर्ने वातावरण स्थापना हुन्छ । संघ संस्थामा नेतृत्व, उत्प्रेरणा सहभागिता, संचार, व्यक्तित्व जस्ता मानवीय व्यवहारले मानव सम्वन्धको प्रतिनिधित्व गर्छ । कर्मचारीहरु सँग सम्वन्धित अधिकारीले प्रत्यक्ष सम्पर्क गरी उनीहरुको विचार वुझ्ने तथा काम गर्ने तौर तरिकाको जानकारी राख्नु पर्छ । समन्वय गर्दा नीति निर्माण र योजना वनाउदा नै गर्नु पर्दछ । साधन र श्रोतलाई उद्देश्य प्राप्तिका लागि एकिकृत गर्न सके उत्पादन वढ्छ । संस्थामा साधन श्रोत प्रकृया र वातावरण वीच पारस्परिक सुमधुर र स्पष्ट सम्वन्ध कायम राख्न समन्वयात्मक कार्य अविछिन्न रुपमा गर्नुपर्दछ (कोइराला  र अन्य, २०६४बाट उद्धृत) ।

टेलर (१८५६-१९१५) का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र प्रभावकारी किसिमले सम्पन्न गर्न सक्छन् भन्ने कुरा ठीक सँग जान्ने कला हो । प्रत्येक कामदारको कार्य शैलीलाई परिवर्तनगरी वैज्ञानिक वनाउनु पर्छ कर्मचारीको पद स्तर र क्षमता अनुसार अधिकार र उत्तरदायित्व प्रदान गर्नुपर्छ । व्यक्तिगत हितभन्दा संस्थागत हितलाई सर्वोपरी ठान्दै अनुशासनमा रहनुका साथै मानव शंसाधनको अधिकतम परिचालन गर्नु पर्छ । ( कोइराला र अन्य२०६४ बाट उद्धृत) ।

मास्लो (१९४३) काअनुसार आवश्यकता विना मानिस कुनै काम गर्न क्रियाशील हुदैन मानिसमा प्रशस्त इच्छा आवश्यकता र चाहनाहरु हुन्छन् । त्यसको परिपूर्ति पश्चात पनि अन्य थप इच्छा आवश्यकता र चाहना थप भैरहन्छ । मानिसका कुनै चाहना पूरा हुन सक्तछन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुदैन जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्छ । मानिसको अप्राप्त चाहना पनि अनगिन्ती हुन्छन् जसलाई एक निश्चित क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ । मानिसको आवश्यकतालाई श्रृङ्खलावद्ध तवरले निम्न ५ श्रेणीमा विभाजन गर्न सकिन्छ ।




*श्रोत : कोइराला, श्रेष्ठ २०६३*

जीवनका लागि अत्यावश्यक पर्ने खाना, पानी, हावा, वास, कपडा र यौन सन्तुष्टी प्रथम तहका आवश्यकताहरु हुन् । शारीरिक आवश्यकता को परिपूर्ति पछि मानिस आर्थिक संकट, मानसिक संकट र अस्वस्थ्यतावाट वच्न चाहन्छ । तेश्रो तहको आवश्यकतामा मानिसले सामाजिक सम्लग्नता तथा मान्यता बढाउने मित्रवत व्यवहार गर्ने सामाजिक समायोजन गर्ने ममता र स्नेहको आदान प्रदान गर्ने जस्ता कार्य प्रति उत्प्रेरित हुन्छ । आफ्नो स्वाभिमान मान सम्मान पहिचान स्थानको खोजीगर्न थाल्छ । आवश्यकताको श्रृङ्खलाको सवै भन्दा माथिल्लो तहमा आत्म सन्तुष्टी, आत्म गौरव आदिको चाहना हुन्छ ( कोइराला, श्रेष्ठ, २०६३) बाट उद्धृत ।

उपरोक्त दुई व्यवस्थापकीय सिद्धान्त र एक उत्प्रेरणाको सिद्धान्त प्रस्तुत अध्ययन सँग पनि मिल्दछन् । तसर्थ यी सिद्धान्तले यस अध्ययनवाट प्राप्त जानकारीहरुलाई अर्ध्याउन मद्वत गर्दछन् भनी विश्वास गरिएको छ । फोलेट (१८६८) द्वारा प्रतिपादित मानव सम्वन्ध सिद्धान्तले संगठन भित्र हुने विभिन्न व्यवहारलाई जोड दिएको छ । मानव सम्बन्ध भन्नाले

मानिसलाई मानिस जस्तो व्यवहार गर्नु पर्दछ । मानिसलाई संगठनका् वस्तु वा अन्य कुनै सम्पत्ति जस्तो रुपमा लिनु हुदैन, यसको आफ्नो वेग्लै प्रकारको अस्तित्व छ भनी मान्नु पर्दछ । मानव सम्वन्ध यस अर्थमा पनि व्यापक छ कि यसले एक व्यक्तिको व्यक्तित्व र अर्को व्यक्तिसंग हुने पारस्परिक सम्वन्धले सामाजिक विज्ञानहरुको अध्ययन गर्न जोड दिन्छ । यही सवै व्यक्तिहरु मिलेर उद्देश्य पूरा गर्नु छ भने पक्कै पनि एकले अर्कालाई चिन्नु पर्दछ । यस सिद्धान्त अनुसार मानव सम्वन्ध यस्तो कला हो जो व्यवस्थापकले बुझ्रेर मात्र व्यवहार गर्नु पर्दछ । जसको अनुभव र प्रयोगलाई नकार्न सकिदैन त्यसरी नै व्यक्तिगत अन्तर सम्वन्धका मनोबैज्ञानिक पक्षलाई नकार्न सकिदैन । यसरी मानव सम्वन्धका विविध आयामहरुलाई मध्यनजर गरेर विद्यालय व्यवस्थापनमा चुस्तता ल्याई विद्यालय परिवारमा रहेको मानव संशाधनका बीचमा सु-सम्वन्ध कायम गरी लक्ष्य पूरा गर्न सघाउँछ ।

एउटा विद्यालयको सु-व्यवस्थापनको कारणले त्यो विद्यालय मन पराउने र त्यँहा धेरै विद्यार्थीहरु आउने वा उनीहरुको सहभागिता वढी हुने गर्दछ भने सक्षम व्यवस्थापन हुन नसक्दा त्यो विद्यालयमा विद्यार्थी सहभागिता कम हुदै जान्छ । विद्यालय व्यवस्थापनको अध्ययन गर्ने क्रममा मानव सम्वन्ध सिद्धान्तलाई आधार मानी विद्यालयको व्यवस्थापन समिति तथा समुदाय (अभिभावक) ले आपसी सम्वन्ध कायम गरी सकारात्मक सोँचलाई अंगालेर अगाडी वढ्नु पर्दछ भन्ने दृष्टिकोण राखिएको छ ।

विद्यालयको सांगठनिक संरचना अनुसार विद्यालयका प्र.अ. र शिक्षक शिक्षिकाहरु बीचको आपसी मानवीय सम्वन्धले पनि विद्यालयको व्यवस्थापनमा उन्नति र प्रगतिमा सहयोग गर्छ । विद्यालय व्यवस्थापन समिति तथा सम्पूर्ण विद्यालय परिवार र अभिभावकहरु बीचको सम्वन्धमा सुधार गरी सरोकारवाला अभिभाकहरु बीचको सम्वन्धमा सुधार गरी सरकारले शैक्षिक क्षेत्रमा गरेको लगानीको सार्थक प्रतिफल प्राप्त गरी विद्यार्थी सहभागिता बढाउदै लैजान सकिन्छ ।

टेलर (१८५६)ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले पूर्व धारणा वा परम्परागत कार्य विधिको स्थानमा अनुसन्धान तथा विश्लेषण द्वारा निर्मित योजना अनुसार कार्य गरिनु पर्ने कुराहरुलाई जोड दिन्छ । पारस्परिक सहयोगवाट उपलब्ध मानवीय र भौतिक साधनहरुको उच्चतम प्रयोगवाट संस्थाको उपलब्धि हासिल गराउन विशिष्ट उद्देश्यको प्राप्तिका लागि दक्ष कर्मचारीहरु उपलब्ध गराउनु पर्छ । मार्गदर्शक अधिकारीहरुलाई संस्थामा नियुक्त गरी उपयुक्त निर्णयद्वारा सहि छनौटको व्यवस्थागरी

कार्यहरुका बीचमा सामन्जस्यता ल्याउन कर्तव्यहरु स्पष्ट रुपमा परिभाषित गर्नु पर्दछ । उत्तरदायित्वको भावना विकसित गराइ न्यायोचित पारिश्रमिकको व्यवस्था गर्नु पर्ने कुरामा यो सिद्धान्तले जोड दिन्छ ।

विद्यालयको व्यवस्थापन पक्षको अध्ययनको सन्दर्भमा वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई आधारमानी विद्यालयको सम्पूर्ण पक्षको व्यवस्थापनमा प्रधानाध्यापक शिक्षक, शिक्षिकाहरु, कर्मचारी, विद्यालय व्यवस्थापन समिति अभिावक समुदायको पारस्परिक सहयोगको सम्वन्ध कायम हुनु पर्छ । विद्यालयको व्यवस्थापन परम्परागत ढंगमा नभई आधुनिकीकरण गराउनु पर्छ । विद्यालय प्रशासन चलाउने प्रशासकलाई कार्य दक्षता अभिवृद्धि गर्न तालिम दिई प्रशासनिक सीप विकासको थालनी गर्नुका साथै मानव शंसाधनको अन्तर सम्वन्ध कायम गर्नु पर्दछ ।

विद्यालयको व्यवस्थापनको लागि कसले काम गर्ने कसलाई कुन कामको जिम्मेवारी दिने, कामलाई राम्रो संग सम्पन्न गर्न कामको बाँडफाँड तथा अधिकार प्रत्यायोजन गर्ने कुरामा वैज्ञानिक व्यवस्थापन सिद्धान्तको प्रयोग गर्न सकिन्छ । विद्यालयको भौतिक व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षण सिकाइ प्रकृयाको प्रभावकारिता तथा समय सापेक्ष पाठ्यक्रमको निर्माण तथा प्रयोगका लागि यो सिद्धान्त अनुसार भौतिक व्यवस्थापनका लागि समुदायका व्यक्तिहरुवाट आफ्नो समुदायमा संचालित विद्यालय प्रति अपनत्वको भावना जगाउन, अभिभावकहरुवाट आर्थिक तथा श्रम सहयोग प्राप्त गर्न, शिक्षकहरुको योग्यता र क्षमताको अधिकतम प्रयोगवाट, विद्यालय र समुदायको सुमधुर सम्वन्ध वनाई राख्न तथा व्यवस्थापन समितिको भूमिका प्रभावकारी वनाउन यो सिद्धान्त उपयोगी हुन्छ । मास्लो (१९४३)द्वारा प्रतिपादित अभिप्रेरणा सम्वन्धि सिद्धान्तलाई पनि यो अध्ययनको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ । जसरी मानिसका आवश्यकताहरु वढ्दै जान्छन् त्यसरी नै विद्यालयका आवश्यकताहरु वढ्दै जान्छन । एक तहको आवश्यकताको परिपूर्ति पश्चात अर्को तहको आवश्यकता देखा पर्दछ कुनै विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी कुन स्तरको आवश्यकताको तहमा छ सोही अनुसारको व्यवहार गरी कार्य गराउनु पर्दछ । यसका लागि व्यवस्थापकले सो व्यक्तिको पहिचान गर्न सक्नु पर्दछ भन्ने अभिप्रायले प्रश्तुत अध्ययनको सैद्धान्तिक खाकाको रुपमा यो सिद्धान्तलाई प्रयोग गरिएको छ ।

यस प्रकार व्यवस्थापन र शैक्षिक प्रशासनमा सहयोग पुऱ्याउने मानव सम्वन्ध सिद्धान्त वैज्ञानिक व्यवस्थापन सिद्धान्त र मास्लोको आवश्यकतामा आधारित उत्प्रेरणाको सिद्धान्तलाई विद्यालयको शैक्षिक क्रियाकलापहरुलाई सुनिश्चित गर्न संगठित गर्न र प्रभावकारी वनाउन प्रयोग गर्न सकिन्छ । विद्यालयका प्र.अ. शिक्षक शिक्षिका, वि.व्य.स. का पदाधिकारी, अभिभावक तथा समुदायलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न र विद्यालयको हरेक क्रियाकलापहरुमा सम्पूर्ण पक्षलाई जवाफदेही वनाउदै लैजान यी सिद्धान्तहरु महत्वपूर्ण मानिन्छन् । विद्यालयको हरेक कार्यहरुलाई योजनावद्ध ढंगवाट सवै पक्षको सहयोग जनआधार खडागरी संचालन गर्न सकेको खण्डमा अवश्य पनि लक्ष्य प्राप्ति सम्म पुग्न सकिन्छ ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

थापा (२०५५) का अनुसार शिक्षामा गरिएको खर्चवाट अपेक्षित प्रतिफल प्राप्त भएको छैन । लगानी र यसवाट प्राप्त प्रतिफलको लेखाजोखा गरी निश्चित अवधी तोकी लगानी गर्ने प्रकृतिको विकास गर्नु आवश्यक भएको छ । नीति नियम सवै छ तर वास्तविक लक्ष्य र प्रतिवद्धताको कमी छ । राजनैतिक तथा निहित स्वार्थ प्रति वढी लगनशील हुने प्रवृतिमा मौलाएको पाइन्छ । एकातर्फ प्रति विद्यार्थी लगानी निकै वढेको देखिन्छ भने अर्को तर्फ उक्त लगानीको अधिकतम सदुपयोग नभई आशातित प्रतिफल प्राप्त हुन सकेको छैन । यस अवस्थामा लगानीमा पारदर्शिता कायम गर्ने, प्रभावकारी अनुगमन गर्ने जस्ता कार्यहरु गरेमा नेपालको शैक्षिक लगानीवाट आसातित प्रतिफल प्राप्त हुन्छ (थापा, २०५५)।

मैनाली (२०५६) का अनुसार प्रधानाध्यापकले शिक्षाको गुणस्तर उकास्नका लागि समूचित रुपमा विद्यालय व्यवस्थापन विद्यार्थी व्यवस्थापन, भौतिक शैक्षिक सामग्रीहरुको व्यवस्थापन, समुदाय सँगको सम्वन्ध सुधारमा विशेष ध्यान दिनु पर्दछ । प्राथमिक तहको विद्यमान अवस्थामा कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या १५% भन्दा वढी छ, यस्तो अवस्था को निराकरणका लागि विद्यालयसँग ठोस कदम छैन, विद्यार्थीको न्यूनतम उमेर कार्यान्वयन गर्न विद्यालयलाई कठीनाई छ । शिक्षकहरुको शिक्षण कार्य परम्परागत छ । शिक्षणलाई समय सापेक्ष वनाउने प्रयाश गरिएको छैन । शिक्षक हरुलाई शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने तरिका र महत्व वारे ज्ञान छैन (मैनाली, २०५६) ।

वरुवाल (२०५६) का अनुसार प्रधानाध्यापकको जिम्मेवारी दिदा सक्षम व्यक्तिलाई दिनुपर्छ, प्रधानाध्यापकको क्षमता अभिवृद्धि गर्नु पर्ने तालिमको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र मूल्यांकन प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापनका लागि वढी जिम्मेवार वनाई स्वायत्तता प्रदान गर्नुका साथै ऐन तथा नियमावलीहरुको समयानुकूल परिमार्जन गर्दै लैजानु पर्छ (वरुवाल, २०५६)

काफ्ले (२०५७) का अनुसार अधिकांश प्राथमिक विद्यालयमा न्यूनतम भौतिक सुविधाको कमी छ । प्रधानाध्यापकमा सुपरिवेक्षण सीप अपेक्षित रुपमा विकास गर्न सकिएको छैन जस्ले गर्दा अपेक्षित सुधार आउन सकेको छैन । तालिम कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकिएको , शिक्षक दरवन्दिको कमी, उपस्थितिको अनियमितता र यसवाट विद्यालयको पठनपाठनमा नकारात्मक प्रभाव पर्न गएको छ ( काफ्ले, २०५७) ।

शिक्षा विभाग (२०५९) का अनुसार प्राथमिक विद्यालय का प्र.अ. हरुका लागि दिइएको तालिमको विषयवस्तु अपर्याप्त भएको तालिम कार्यक्रम विद्यालयको कार्य तालिका सँग नमिलेको दक्ष व्यवसायिक प्रशिक्षकहरुको अभाव छ , आधुनिक शैक्षिक सामग्रीहरुको प्रयोग नभएको , तालिमको विद्यालय र समुदाय सम्वन्ध सुधारमा नगन्य प्रभाव पारेको, तालिमको प्रभाव सामूहिक रुपमा हेर्दा उच्च नभएको तालिम प्राप्त प्रधानाध्यापकहरुलाई पुन प्रभावकारी ढंगले तालिम प्रदान गर्नु आवश्यक छ (शिक्षा विभाग, २०५९) ।

सेरिड (२००३) अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरु गरीव परिवारवाट आउने, कक्षाकोठाहरु भिँडभाडयुक्त हुने विद्यार्थीहरुको उपस्थिति न्यून रहने र प्राथमिक विद्यालयहरुमा शिक्षकहरुको अभावले गुणस्तरीय शिक्षामा प्रभाव परेको छ । विद्यालय व्यवस्थापन समितिले प्रभावकारी कार्यक्रम ल्याउन सकेको छैन । सरोकार वालाहरुको क्षमता अभिवृद्धिको लागि कतैवाट पनि कुनै प्रकारको कार्यक्रम संचालन भएको छैन । विद्यालय व्यवस्थापन समीतिका पदाधिकारीहरुका लागि तालिम प्रदान गरी शिक्षण, सुपरीवेक्षण, स्रोत परिचालन, अभिभावक, गैह्र सरकारी संस्था र स्थानीय निकाय सँग विद्यालयको उन्नतिको लागि सम्वन्ध स्थापित गरी विद्यालय सक्षम वनाउनु पर्छ (सेरिड, २००३)।

सेरीड (२००४) का अनुसार समुदायमा हस्तान्तरण भइसेकका विद्यालयहरुको पनि मुख्य आयश्रोत सरकारी अनुदान नै हो । सामुदायिक विद्यालयहरु परम्परागत श्रोतमा निर्भर छन् । स्थानीय संघ संस्थाहरुले विद्यालयलाई गर्ने सहयोगमा नियमितता छैन । सामुदायिक

विद्यालयलाई स्थानीय निकायवाट कसरी श्रोत प्राप्त गर्ने भन्ने जानकारी छैन (सेरिड २००४) ।

भट्टराई (२०६५) का अनुसार सामुदायिक विद्यालयहरु समुदायमा हस्तान्तरण भएपछि भौतिक व्यवस्थापनमा उल्लेख्य सुधार भएपनि अझै विद्यालयमा खानेपानी कक्षा कोठा र खेल मैदानको समस्या छ । आर्थिक श्रोतको अवस्था विश्लेषण गर्दा आम्दानीको मुख्य श्रोत सरकारी अनुदान मात्र छ । विद्यालयमा आयवृद्धिका कार्यक्रम संचालन र नीतिगत तथा कानुनी सुधार गर्नु आवश्यक छ (भट्टराई, २०६५)।

अधिकारी (२०६५) का अनुसार धनकुटा जिल्लामा जुन गतिमा सामुदायिक विद्यालयहरुको संख्यात्मक बृद्धि भएको छ त्यो अनुसार विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तर बृद्धि भएको छैन । अव यहाँ सामुदायिक विद्यालयको संख्यात्मक बृद्धि भन्दा यिनीहरुले प्रदान गर्ने शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु आजको आवश्यकता हो (अधिकारी, २०६५) ।

गुरुङ्ग (२०६५) का अनुसार प्राथमिक शिक्षालाई सुधार गर्न तालिम कार्यक्रमलाई समय सापेक्ष बनाइनु पर्छ । शिक्षकहरुलाई दिइने सेवा सुविधामा बृद्धि गरी गुणस्तर कायम गराउन सकिन्छ । विद्यालय व्यवस्थापन पक्ष, शिक्षक, प्रधानाध्यापक र अभिभावक सम्पूर्ण पक्षको संयुक्त प्रयासबाट हाल भै रहेका कमि कमजोरीहरुलाई सुधार गरी सामुदायिक विद्यालयबाट हुने विद्यार्थीहरुको पलायन रोक्न सकिन्छ (गुरुङ्ग, २०६५) ।

माथिका विभिन्न अध्ययनहरुको विश्लेषणवाट प्राथमिक विद्यालयहरुमा भौतिक सुविधाको कमी, आर्थिक श्रोतको कमी प्राप्त आर्थिक श्रोत मध्ये अधिकांश आर्थिक श्रोत शिक्षक तलव भत्तामा खर्च हुने गर्दछ, स्पष्ट शिक्षा नितिको अभाव छ । तालिमको प्रभावकारिता न्यून छ । प्रधानाध्यापक तथा शिक्षकहरुमा उत्तरदायित्वको कमि छ । कमजोर विद्यालय व्यवस्थापनका कारण सामुदायिक विद्यालयवाट विद्यार्थीहरु पलायन हुने अवस्था छ भने समुदायमा विद्यालयको हस्तान्तरण पछि यो अवस्थामा सुधार भएको छ । प्रस्तुत अध्ययनको अवस्था भने विशिष्ट छ । यस अध्ययन क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकहरु अधिकांश तालिम प्राप्त छन् । विद्यालयहरु समुदायमा हस्तान्तरण गरिएको छ तर विद्यार्थीहरुको सहभागिता वृद्धि भएको छैन । विद्यार्थी संख्या दिन दिनै घट्दै गइरहेको छ । यस अवस्थामा यो अध्ययनले सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिताले पार्ने प्रभाव सम्वन्धमा अध्ययन गरी सुझाव दिने भएकोले प्रस्तुत अध्ययन विशिष्ट छ ।

## २.३. अध्ययनको उपादेयता

कुनै समस्या उत्पन्न भएपछि त्यसको कारण पत्ता लगाई त्यसलाई समयमा नै निरकरण गर्नु जरुरी हुन्छ । विद्यालय सँग सम्वन्धित समस्याहरु व्यवस्थापन नेतृत्व र मानव संसाधनको परिचालनका लागि अभिप्रेरणाको सहि सदुपयोग हुनु नसकेर सिर्जना हुने गर्दछन् । कुनै संघ संस्थामा काम गर्दा त्यहाँ काम गर्ने कामदारहरु वीच राम्रो मानवीय सम्वन्ध कायम हुनु पर्दछ । संस्थामा नेतृत्व उत्प्रेरणा सहभागिता संचार र व्यक्तित्व जस्ता व्यवहारले मानव सम्वन्धको प्रतिनिधित्व गर्छ । मानवीय क्षमताको पहिचान गरी उपयुक्त व्यक्तिका लागि उपयुक्त पदको छनौट गदै काममा लगाउन सकेमा त्यसको सकारात्मक प्रभाव पर्दछ । आवश्यकता विना मानिस काम गर्न क्रियाशील हुदैन मानिसमा प्रशस्त इच्छा आवश्यकता र चाहना हुन्छन् तिनीहरुको परिपूर्ति पश्चात पनि इच्छा र आवश्यकता थप भइरहन्छन् । हाल सामुदायिक विद्यालयको प्राथमिक तहमा सवै शिक्षकहरुलाई तालिम प्रदान गरिएको भएता पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको पाइदैन । विद्यालयको व्यवस्थापन सुदृढ वनाउन सकिएको छैन । श्रोत परिचालन को ज्ञानको अभाव छ । मानवीय क्षमता अभिवृद्धिको लागि पहल कदमी भएको पाइदैन यी र यस्तै परिवेशहरुवाट अध्ययनक्षेत्रमा समेत सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीको संख्यात्मक सहभागिता दिनदिनै घट्दै गइरहेको पाइन्छ । यसरी विद्यार्थी संख्या दिनानुदिन घट्दै जादा यसको दूरगामी प्रभाव पर्न जान्छ ।

विभिन्न साहित्यहरुको पुनरावलोकनमा तालिम कार्यक्रमको कम प्रभावकारिता शिक्षक उपस्थितिमा अनियमीतता पुनः तालिम प्रदान गर्नु पर्ने शैक्षिक सामग्रीहरुको महत्व, प्रधानाध्यापकको भूमिका, ऐन नियम को समयानुकुल परिमार्जन, श्रोत परिचालन जस्ता विषय वस्तुहरुको उठान गरी विभिन्न सुझाव प्रस्तुत गरिएको पाइन्छ । यी अध्ययनहरुमा सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता वृद्धि गर्ने सम्वन्धमा अर्थात सामुदायिक विद्यालयको प्राथमिक तहको कार्यक्षमता अभिवृद्धि गर्ने सम्वन्धमा कुनै अध्ययन भएको पाइदैन तर प्रस्तुत अध्ययनमा प्राथमिक तहको विद्यमान अवस्थामा सुधार गर्ने गरी अभिभावक, प्र.अ., शिक्षक, शिक्षाविद जस्ता शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने पक्षहरुका वीचमा छलफल, अन्तरक्रिया वाद विवाद गरी निस्केको निश्कर्षवाट नीतिगत निर्णय गर्न, कार्यान्वयन गर्न र समायोजित हुन समेत सुझाव प्रस्तुत गरिने भएकोले यो अध्ययनको विशेष उपादेयता रहने छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

अनुसन्धानको सम्पूर्ण पक्षलाई समेट्ने गरी तार्किक र स्पष्ट अर्थ दिने सवै क्षेत्रको अन्तरविरोध हटाउने र अपूर्णतालाई समेट्नेगरी अनुसन्धान ढाँचा तयार पार्नु पर्दछ (खनाल,, २०६४) । यो अध्ययन सम्पन्न गर्नको लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । आवश्यकता अनुसार संख्यात्मक तथ्याकंको पनि प्रयोग गरिएको छ । कुनै अवस्था, प्रकृया , समस्या तथा घटनाको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रुपमा संकलन गरिएको तथ्यांकहरुलाई तार्किक विधिद्वारा विशलेषण गरी निश्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ (पूर्ववत) । गुणात्मक अनुसन्धान ढाँचाद्वारा विषय वस्तुलाई गहिरिएर अध्ययन गरिने साथै सम्वन्धित व्यक्ति, अवस्था, तथा घटनासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्थ नतिजा ल्याउने भएकाले प्रस्तुत अध्ययनमा गुणात्मक ढाँचा प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धनात्मक ढाँचा

यस अध्ययनलाई प्रभावकारी वनाउन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । वर्णनात्मक ढाँचा अन्तर्गत उत्तरदाताहरुसँग विस्तृत विवरण लिने, अनुसन्धानको क्रममा अनुभवको संकलन गरियो । त्यस्तै वस्तु स्थितिलाइ गहिरिएर अवलोकन तथा अन्तरक्रियाको माध्यमवाट बुझ्ने प्रयाश गरिएको छ । यसरी प्राप्त भएको तथ्यांकलाई व्याख्यात्मक ढाँचाको प्रयोग गरी तार्किक ढंगले विश्लेषण गरिएको छ ।

## ३.२ तथ्यांक संकलन प्रकृया

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्यांकहरुको संकलनका लागि शोधार्थी सम्वन्धित विद्यालयमा आफै पुगी उद्देश्य प्राप्तिका लागि अध्ययन संग सम्वन्धित सवै व्यक्तिहरु संग सम्पर्क कायम गरी उद्देश्य वताएर आवश्यक सहयोग गर्न अनुरोध गरिएको थियो । वहाँहरुसंग छुट्टाछुट्टै प्रश्नावलीहरु भराएर, विचार विमर्शको आदान प्रदान गरी शोधकर्ताले विद्यालय अवलोकन फारम, शिक्षक दरवन्दी तथा विद्यार्थी विवरण फारम

भरेर प्राथमिक तथ्यांक संकलन गरियो भने द्वितियक तथ्यांकको संकलनका लागि विद्यालय श्रोत केन्द्र र जि.शि.का का अभिलेखहरु प्रयोग गरियो ।

### ३.२.१. जनसंख्या

यो अध्ययनको लागि धनकुटा जिल्लाको धनकुटा नगरपालिकाको नगर क्षेत्रमा संचालित १६ वटा विद्यालय, त्यहाँ कार्यरत शिक्षकहरु, ती विद्यालयका प्रधानाध्यापकहरु, वि.व्य.स. अध्यक्षहरु, अभिभावकहरु तथा स्थानिय शिक्षा विदहरुलाई जनसंख्याको रुपमा लिईएको छ ।

### ३.२.२ नमुनाको आकार

प्रस्तुत अध्ययनका लागि नमुनाको रुपमा ८ वटा विद्यालयहरुका वि.व्य.स. अध्यक्ष ८ जना, प्र.अ.हरु ८ जना, शिक्षकहरु प्रति विद्यालय २ जनाको दरले १६ जना, पूर्व अभिभावकहरु १० जना तथा शिक्षा विदहरु १० जना गरी कुल ५२ जना व्यक्तिहरुलाई नमुनाको रुपमा लिइएको छ । नमूनामा लिइएका व्यक्तिहरुको नामावली अनुसूची ६ र ७ मा राखिएको छ ।

### ३.२.३ नमुना छनौट विधि

यो अध्ययनको नमुना छनौट लागि धनकुटा जिल्ला शिक्षा कार्यलय वाट धनकुटा नगरपालिकामा संचालित सम्पूर्ण विद्यालयहरुको नामावली Flash I Report २०६६ लाई आधार मानिएको छ । सो नामावलीवाट सम्पूर्ण संस्थागत विद्यालय र वजार क्षेत्र भन्दा टाढाका सामुदायिक विद्यालयहरुको नामावली हटाइयो वाँकी नामावली मा १६ ओटा विद्यालयहरु थिए । तिनिहरुमा उच्च मा.वि.तह संचालित तीन ओटा विद्यालयहरु सवै अथवा सत प्रतिशत र १३ ओटा प्रा.वि.हरु मध्ये एक वार्डवाट एक भन्दा वढी नपर्ने गरी संयोगिक नमुना छनौट विधिवाट पाँचओटा प्रा.वि.हरु छानियो ।

यसरी छनौट गरिएका विद्यालयका प्र.अ. र व्यवस्थापन समिति अध्यक्ष सत प्रतिशत छनौट गरियो त्यसैगरी हरेक विद्यालयवाट एक जना पुरुष शिक्षक र एकजना महिला शिक्षक पर्ने गरी संयोगिक नमुना छनौट विधिवाट छनौट गरियो । अभिभावकहरुको छनौटका लागि पहिले सामुदायिक विद्यालयमा आफ्ना नानीहरु पढाएका तर हाल संस्थागत विद्यालयमा पढाउने गरेका ५० जना अभिभावकहरुको नामावली स्थलगत सर्वेक्षण वाट

संकलन गरियो त्यसमध्ये २०% अर्थात १० जनालाई संयोगिक नमुना छनौट विधिवाट नमुना छनौट गरियो । त्यसैगरी नगर क्षेत्रमा शिक्षा क्षेत्रमा योगदान गर्ने क्याम्पसका प्राध्यापक, पूर्व शिक्षक तथा प्र.अ. हाल कार्यरत शिक्षा कार्यालयका वि.नि. हरु गरी जम्मा ५० जना नाम संकलन गरियो सो मध्ये १० जना अर्थात २०% लाई नमुनाको रुपमा लिन संयोगिक नमुना छनौट विधिको प्रयोग गरियो । यसरी नमुना छनौटमा परेका व्यक्तिहरु संग पहिले अनुरोध गरी अनुसुचिमा दिइएका प्रश्नावलीहरु भराउने तथा विद्यालयको स्थलगत अध्ययनगरी अवलोकन फारम भर्ने र विद्यालय र जिल्ला शिक्षा कार्यालयको अभिलेख अध्ययन गरी आवश्यक तथ्यांकहरु भर्ने भराउने कार्य गरी प्राप्त तथ्यांकको विश्लेषण गरिएको छ ।

### ३.२.४ नमुना छनौटको आधार

प्रस्तुत अध्ययनको नमुनाको छनौट गर्न धनकुटा नगरपालिकाको बजार नगर क्षेत्रको बिद्यालयहरुलिईएको छ । ती बिद्यालयहरुमा कार्यरत शिक्षकहरु प्रधानाध्यापकहरु ,बिद्यालय ब्यबस्थापन समिति अध्यक्षहरु , अभिभावकहरु तथा सम्बन्धित क्षेत्रका शिक्षाकर्मी शिक्षाबिदहरु नमुनामा लिईएकोले यो नमुनाले सबै सरोकारवालाहरुको प्रतिनिधित्व गर्दछन् भन्ने विश्वास गरिएको छ । त्यसैगरी एउटा वार्ड बाट एउटा मात्र बिद्यालयको छनौट गरिएको छ भने अभिभावक र शिक्षाविदहरुको नामावली संकलन गरी संयोगिक नमुना छनौट विधिबाट नमुना छनौट गरिएकोले यो नमुना प्रतिनिधिमुलक हुने विश्वास गरिएको छ ।

## ३.३. अनुसन्धानका साधनहरु

प्रस्तुत अध्ययनलाई पूरा गर्नका लागि विभिन्न प्रकारका अध्ययन सामग्रीहरु प्रयोग गरिएको थियो । तिनीहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

### ३.३.१. प्रश्नावली

यो शोधकार्य पूरा गर्नको लागि शोधकर्ताले बन्द र खुल्ला दुबै प्रकारका प्रश्नावलीहरुको निर्माण गरेर सम्वन्धित (माथि उल्लेखित) विद्यालयहरुमा गएर प्र.अ. शिक्षकहरु विद्यालय व्यवस्थापन समीति अध्यक्ष, अभिभावकहरु तथा शिक्षाविदहरुले

प्रश्नावलीको ठीक उत्तरमा रेजा ( √ ) ठीक चिन्ह लगाउने तथा आफ्नो स्वतन्त्र अभिव्यक्ति दिन पाउने अधिकार दिइएको थियो । यी प्रश्नावलीहरुको नमूना अनुसूची १-५ मा राखिएको छ ।

### ३.३.२. विद्यालय अवलोकन फारम

यो शोधकार्यमा विद्यालय अवलोकन फारमको प्रयोग गरी उक्त विद्यालयमा शिक्षक तथा विद्यालर्थीहरुको नियमितता, शिक्षक अनुशासन, विद्यालयमा शैक्षिक सामग्रीहरुको उपलब्धता र प्रयोग तथा आर्थिक श्रोत जुटाउने कार्यमा वि.व्य.स. र शिक्षक स्टाफको सकियता, विद्यालय समुदायसम्वन्ध, अभिभावक भेलाको निर्णय कार्यान्वयन आर्थिक श्रोतका उपयोग जस्ता कार्यहरुको अवलोकन गरिएको थियो । यसको नमुना अनुसूची ८ मा राखिएको छ ।

### ३.३.३ शिक्षक दरवन्दी तथा विद्यार्थी विवरण फारम

यस फारममा सरकारी दरवन्दी, राहत कोटा तथा निजी श्रोतमा कार्यरत पुरुष तथा महिला शिक्षक संख्या, तालिमको विवरण शैक्षिक सत्र २०६१ देखि २०६६ सम्मको विद्यार्थी संख्या जसमा भर्ना संख्या, अन्तिम परीक्षामा सम्मिलित संख्या, स्थान्नान्तर प्रमाणपत्र लिइ अन्य विद्यालय जाने जस्ता विवरणहरु सम्वन्धित श्रोत केन्द्र तथा विद्यालय अभिलेखको अध्ययनवाट यो फारम भरिएको थियो । यसको नमुना अनुसूची ९ मा राखिएको छ ।

### ३.३.४ अन्तरवार्ता तथा छलफल

यो अध्ययनका क्रममा सही र सान्दर्भिक सूचना संकलन गर्न सम्वन्धित क्षेत्रका नमुनामा परेका विभिन्न व्यक्तिहरुसंग प्रस्तुत अध्ययनको उद्देश्यमा केन्द्रित रही विविध गतिविधि र सो सम्वन्धी समस्या समाधानको उपायहरुवारे सोधपुछ र छलफल गरिएको थियो ।

## ३.४ तथ्यांकको स्रोत

अध्ययनको क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्यांकहरु प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक तथ्यांक

प्राथमिक तथ्यांकको रुपमा नमुना छनौटमा परेका विद्यालय प्र.अ. व्यवस्थापन समिति अध्यक्ष, शिक्षकहरु, अभिभावक र शिक्षाविदहरु संग लिइएको प्रश्नावलीका जवाफहरु, रुजुसुचि छलफल, अन्तरवार्ता विद्यालयको स्थलगत अवलोकनवाट प्राप्त तथ्यांक लाई प्राथमिक तथ्यांकको रुपमा लिइएको छ ।

### ३.४.२ द्वितिय तथ्यांक

विद्यालयको अभिलेख, स्रोत केन्द्रको अभिलेख तथा जिल्ला शिक्षा कार्यलयवाट प्राप्त अभिलेख तथा विद्यालयका विद्यालय सुधार योजना अग्रजहरु वाट भए गरेका शोधहरु, पाठ्य पुस्तकहरु तथा अन्य सन्दर्भ ग्रन्थहरु जस्ता प्रकाशीत अभिलेखरुलाई द्वितियक तथ्यांकको रुपमा लिइएको छ ।

## ३.५ तथ्यांकको प्रस्तुति, विश्लेषण र ब्याख्या

अध्ययनका क्रममा प्राप्त तथ्यांकहरुलाई गुणात्मक र व्याख्यात्मक रुपमा विश्लेषण गरिएको छ । परिमाणात्मक रुपमा संकलन हुन आएको तथ्यांकलाई तथ्यांक शास्त्रीय रुपमा विश्लेषण गरिएको छ, जसलाई ग्राफ, चार्ट टेवुल र डायग्राममा समेत देखाइएको छ ।

# परिच्छेद : चार

## तथ्यांकको विश्लेषण र व्याख्या

अनुसन्धानका लागि संङ्कलन गरिएका तथ्यांकहरुलाई तथ्यगत आधारमा विश्लेषण तथा व्याख्या गरिएको छ । संकलित तथ्यांकहरुलाई गुणको आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

अध्ययनको सिलसिलामा धनकुटा नगरपालिकाको नगरक्षेत्रका विद्यालयको प्रा.वि तहमा विद्यार्थीहरुको संख्यात्मक अवस्था, विद्यार्थी संख्या न्यून हुनुका कारणहरु र त्यसवाट पर्ने प्रभाव गरी तीनवटा भागमा विभाजन गरी अध्ययनको निचोड निकाल्ने कार्य गरिएको छ ।

### ४.१ प्राथमिक तहमा विद्यार्थीको संख्यात्मक अवस्था

वर्तमान अवस्थामा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या दिन दिनै घट्दै गइएरहेको अवस्था छ । नमुना छनौटमा परेका विद्यालयहरुको विद्यार्थीको संख्यात्मक अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

#### ४.१.१ विद्यार्थी संख्या विवरण कक्षा (१-५)

तलिका नं. : १

विद्यार्थी संख्या विवरण कक्षा (१-५)

| विद्यालयको नाम | शै.स २०६२ | | शै.स २०६३ | | शै.स २०६४ | | शै.स २०६५ | | शै.स २०६६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना विद्यार्थी संख्या | परीक्षामा सम्मिलित वि.सं | भर्ना विद्यार्थी संख्या | परीक्षामा सम्मिलित वि.सं | भर्ना विद्यार्थी संख्या | परीक्षामा सम्मिलित वि.सं | भर्ना विद्यार्थी संख्या | परीक्षामा सम्मिलित वि.सं | भर्ना विद्यार्थी संख्या | |
| आत्मारा प्रा.वि | ४८ | ३६ | ४६ | ३७ | ४४ | ३८ | ४४ | ३७ | ३२ | कक्षा (१-३) |
| वालमन्दिर प्रा.वि. | १२८ | ११८ | १२९ | १२४ | ११६ | ११२ | ११६ | ११४ | ११४ | |
| भाषा उच्च मा.वि | १२७ | १२४ | १२३ | १२१ | ११७ | ११७ | १०५ | १०५ | ९९ | |
| चुलीवन प्रा.वि. | ६५ | ६३ | ६३ | ६१ | ६३ | ६० | ७० | ६८ | ५५ | |
| गणेश प्रा.वि. | ६२ | ६१ | ६४ | ६४ | ५५ | ५३ | ५० | ४९ | ५३ | |
| गोकुण्डेश्वर उ.मा.वि. | २६८ | २६४ | २६२ | २६० | २५८ | २५९ | २४२ | २४० | २५४ | |
| गोकुण्डेश्वर वा.म.उ.मा.वि | ११५ | ११३ | ११२ | ११२ | १०८ | १०६ | १०४ | १०३ | ९९ | २० |
| सरस्वती प्रा.वि. | ६३ | ६२ | ५५ | ५४ | ५३ | ५३ | ४४ | ४३ | २५ | ५ |
| जम्मा | ८७६ | ८४१ | ८५४ | ८३३ | ८१४ | ७९८ | ७७५ | ७५९ | ७३१ | |

*श्रोत : विद्यालय अभिलेख, २०६६*

माथि प्रस्तुत गरिएको तथ्यांकलाई हेर्दा विगत ५ वर्षमा अध्ययन क्षेत्रको प्राथमिक तहमा विद्यार्थी संख्या घट्दै गएको पाइन्छ । अत्मारा प्रा.वि. कक्षा (१-३) संचालित छ । यस प्रा.वि.मा शै.स. २०६२ मा विद्यार्थी संख्या जम्मा ४८ भएकोमा २०६६ मा ३२ मात्र छ । यसमा ३३.३३% वि.स. घटेको छ । उल्लेखित विद्यालयहरुमा कुनै शैक्षिक सत्रमा पनि निर्धारित संख्यामा विद्यार्थी रहेको देखिदैन । शिक्षा नियमावलीले पहाडी क्षेत्रमा प्रतिकक्षा वि.सं. ४५ हुनु पर्ने उल्लेख गरेको छ । प्रस्तुत तथ्यांकमा भएको गोकुण्डेश्वर उच्च मा.वि. मा भने अन्य विद्यालयहरुमा भन्दा विद्यार्थी संख्याको संख्यात्मक अवस्था फरक छ । यँहा पाँच शैक्षिक सत्रमा विद्यार्थी संख्या  प्रर्याप्त रहेको देखिएको छ । यो विद्यालयमा शिक्षा नियमावलीमा उल्लेख भए वमोजिम विद्यार्थी संख्या सवै शैक्षिक सत्रमा रहेको देखिन्छ यस सम्वन्धमा अध्ययन गर्दा यस विद्यालयमा पनि सुरुका दिनहरुमा (शैक्षिक सत्र ०४९/०५०) मा विद्यार्थी संख्या अति न्यून रहेको थियो । विद्यार्थीको न्यून संख्यामा सुधारगर्न अतिरिक्त पाठ्यपुस्तकहरु थपगरी अध्यापन गराउन न्यूनतम शुल्क निर्धारण गरिएको, प्रत्येक शिक्षकले अनिवार्य रुपले न्यूनतम चारजना विद्यार्थीहरु भर्ना गराउन खोज्नुपर्ने जस्ता नियमहरु राखिएको जस्ता उपायहरु अपनाइएको कारणले विद्यार्थी संख्या बढेको भन्ने पाइयो ।

मानव सम्वन्ध सिद्धान्तका अनुसार समन्वय प्रारम्भिक अवस्थामा हुनु पर्दछ । विद्यार्थीको भर्नालाई सुरुवातको अवस्था मान्दा यो अवस्थामा नै समन्वयको जरुरत पर्दछ । सम्वन्धित पक्ष सँगको समन्वय वाट विद्यार्थी संख्या वढाउन सकिन्छ ।

विद्यार्थीहरुको संख्यात्मक अवस्थालाई प्रश्नावली भरिएको आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.१.२ विद्यार्थीको संख्यात्मक अवस्था विवरण

तालिका नं. : २


संख्यात्मक अवस्था विवरण

| क्र.स. | विवरण | कुल विद्यालय | विद्यालय संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | अति न्यून | ८ | १ | १२.५% |
| २ | न्यून | ८ | ३ | ३७.५% |
| ३ | ठीकै | ८ | ३ | ३७.५% |
| ४ | धेरै | ८ | १ | १२.५% |

*श्रोत : स्थलगत अन्तरवार्ता, २०६६*

माथिको तालिकामा हेर्दा नमुना छनौटमा परेका ८ विद्यालय मध्ये अति न्यून वि.स. हुने विद्यालय १ सरस्वती प्रा.वि. रहेको छ । न्यून वि.स. हुने विद्यालयहरु ३ वटा अर्थात ३७.५% छन् भने प्रशस्त विद्यार्थी संख्या भएको विद्यालय भने एउटा मात्र वा १२.५% रहेको देखिन्छ । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

विद्यार्थीको संख्यात्मक अवस्था




मानव सम्वन्ध सिद्धान्तका अनुसार समन्वयको प्रकृया निरन्तर हुनु पर्दछ । एउटा विद्यालय सँग सम्वन्धित सवै पक्ष शिक्षक, अभिभावक र विद्यालय वीचको निरन्तर समन्वयले विद्यालयको उत्तरोत्तर प्रगति गराउन सकिन्छ ।

### ४.१.३ विद्यार्थी संख्याको परिवर्तनको अवस्था

तालिका नं. : ३


विद्यार्थी संख्याको परिवर्तन अवस्था विवरण

| क्र.सं. | विवरण | विद्यालय संख्या | जम्मा विद्यालय | प्रतिशत |
|---|---|---|---|---|
| १ | घट्दो अवस्था | ७ | ८ | ८७.५% |
| २ | बढ्दो | × | ८ | × |
| ३ | घटबढ नभएको | १ | ८ | १२.५% |
| ४ | अन्य | × | ८ | × |

*श्रोत : स्थलगत अन्तरवार्ता २०६६*

माथिको तथ्यांकलाई हेर्दा कुनै पनि विद्यालयमा विद्यार्थी संख्या बढ्दो अवस्थामा छैनन् । नमुनामा लिइएका ८ विद्यालयहरुमध्ये ७ ओटा ८७.५% विद्यालयहरुमा विद्यार्थीहरुको संख्या घट्दो अवस्थामा छ भने एउटा मात्र विद्यालयमा विद्यार्थी संख्या यथावत रहेको छ । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

विद्यार्थी संख्याको परिवर्तनको अवस्था




## ४.२ विद्यालयमा विद्यार्थी संख्या न्यूनताको कारण

हालको अवस्थामा सामुदायिक विद्यालयको प्राथमिक तहमा दिनप्रतिदिन विद्यार्थी सख्या घट्दो अवस्थामा छ । यसरी विद्यार्थी संख्या दिन प्रतिदिन घट्दै जानुमा विविध कारणहरु छन् , जसमा विद्यालय प्रशासनले विद्यालयको उच्चतम उन्नति र प्रगतिका लागि महत्वपूर्ण भूमिकाको निर्वाह गर्नु जरुरी हुन्छ । प्रस्तुत अध्ययनमा १६ शिक्षकहरुलाई सोधिएको प्रश्नावलीको आधारमा प्राप्त जवाफ निम्न अनुसार पाइएको छ ।

### ४.२.१ विद्यालय प्रशासनको विद्यालय प्रतिको उत्तरदायित्व

तालिका नं. : ४

विद्यालय प्रतिको उत्तरदायित्व विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उत्तरदायी नभएको | ४ | २५% |
| २ | सामान्यत उत्तरदायी भएको | ३ | १८.७५% |
| ३ | पुर्णरुपमा उत्तरदायी भएको | ५ | ३१.२५% |
| ४ | कुनै प्रतिकृया छैन | ४ | २५% |

*श्रोत : स्थलगत अन्तरवार्ता, २०६६*

माथिको तालिकामा हेर्दा विद्यालय प्रशासन विशेषतः विद्यालय प्र.अ विद्यालय प्रति उत्तरदायी नभएकोमा २५% सामान्यत उत्तरदायी भएकोमा १८.७५% पूर्णरुपमा उत्तरदायी भएकोमा ३१.७५% प्रतिशत र आफ्नो विद्यालयको प्र.अ. को विषयमा कुनै प्रकारको प्रतिक्रिया व्यक्त गर्न नचाहेको २५% रहेको देखिन्छ ।

वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार कुनै संगठनमा काम गर्ने कर्मचारी र पदाधिकारीहरुलाई अधिकार र उत्तरदायित्व प्रदान गरिनु पर्दछ । प्रस्तुत अध्ययन क्षेत्रमा विद्यालय प्रशासनलाई विद्यालय प्रति कम उत्तरदायी भएको पाइएको छ ।

### ४.२.२ शिक्षकहरुको पेशा प्रतिको धारणा

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु आफ्नो पेशा प्रति कम सन्तुष्ट रहेको पाइन्छ । प्रस्तुत अध्ययन क्षेत्रमा यस सम्वन्धमा विद्यालयमा कार्यरत शिक्षकहरुको सन्तुष्टि निम्न अनुसार पाइएको छ ।

तालिका नं. : ५


शिक्षकहरुको पेशा प्रतिको धारणा

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्यादै सन्तुष्ट | × | × |
| २ | सन्तुष्ट | ८ | ५०% |
| ३ | कम सन्तुष्ट | ४ | २५% |
| ४ | असन्तुष्ट | ४ | २५% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकाको आधारमा आफ्नो शिक्षण पेशा प्रति ज्यादै सन्तुष्ट शिक्षकहरु कोही पाइएनन् सामान्यरुपले सन्तुष्ट  शिक्षकहरु ५०% कम सन्तुष्ट शिक्षकहरु २५% र असन्तुष्ट शिक्षकहरु २५% पाइयो । यसमा विशेषगरी स्थायीत्व प्राप्त गरेका शिक्षकहरु सन्तुष्ट भेटाइयो । लामो समय देखि कार्यरत तर स्थायी हुन नसक्नेहरु कम सन्तुष्ट र निजी श्रोत वा राहत दरवन्दिमा रहने शिक्षकहरु असन्तुष्ट रहेको पाइयो । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

पेशा प्रतिको धारणा




अभिप्रेरणाको सिद्धान्त अनुसार कुनै संख्यामा काम गर्ने मानवीय संशाधनको सन्तुष्टिले पनि त्यो संस्थाको कार्य क्षमता तथा कार्य दक्षता बढाउने गर्दछ । एउटा विद्यालयको कार्य दक्षता बढ्दै जानु भनेको त्यस विद्यालय प्रति विद्यार्थीहरुको आकर्षण बढ्नु हो ।

सामुदायिक विद्यालयको हालको अवस्थामा सामुदायिक विद्यालयका शिक्षकले समेत आफू कार्यरत विद्यालयमा आफ्ना बालबालिकाहरु नलगेर संस्थागत विद्यालय तर्फ पठाउने गरिएको पाइन्छ । यो अवस्थाको सिर्जना हुनु भनेको शिक्षकहरुमा आफै प्रति विश्वास नरहेको हो । यस सम्वन्धमा सामुदायिक र संस्थागत विद्यालय वीचको गुणस्तर लाई लिएर गरिएको प्रश्नावलीको जवाफ निम्न अनुसार पाइएको छ ।

## ४.२.३ सामुदायिक र संस्थागत विद्यालयको गुणस्तरको तुलना

तालिका नं. : ६


गुणस्तरको तुलना

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको राम्रो | ४ | २५% |
| २ | संस्थागत विद्यालयको राम्रो | १० | ६२.५% |
| ३ | फरक छैन | १ | ६.२५% |
| ४ | तुलना गर्न मिल्दैन | १ | ६.२५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकामा हेर्दा २५% मात्र शिक्षकहरुले आफू कार्यरत विद्यालयको गुणस्तरको विश्वास गरेको पाइन्छ । ६२.५% शिक्षकहरु संस्थागत विद्यालयको गुणस्तरको विश्वास गर्दछन् । ६.२५ प्रतिशत शिक्षक गुणस्तर समान रहेको बताउछन् भने गुणस्तरका आ-आफ्नै कारणहरु भएकोले तुलना गर्न मिल्दैन भन्ने शिक्षकहरु ६.२५% छन् । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयको गुणस्तरको तुलना




वैज्ञानिक व्यवस्थापन सिद्धान्तका आधारमा संगठनको अधिकतम् उपलब्धिका लागि अनुशासनको महत्वपूर्ण भूमिका हुन्छ । उपलब्धि र अनुशासनले नै सामुदायिक विद्यालय छाडेर अभिभावकहरुले आफ्ना वालवालिकाहरु संस्थागत विद्यालय लैजाने गरेको पाइन्छ ।

### ४.२.४ विद्यालय समुदाय विचको सम्वन्ध

हाल विद्यालय र समुदाय वीचको सम्वन्ध कमजोर हुदै गएको छ । आफ्नो समुदायमा भएको सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको विश्वास कम भएकै कारण उनीहरु समूदायमा भएको विद्यालय छोडेर संस्थागत विद्यालय तर्फ आकर्षित भएको पाइन्छ । यस सम्वन्धमा शिक्षकहरुवाट प्राप्त जवाफ विवरण निम्न अनुसार पाइएको छ ।

तालिका नं. : ७

विद्यालय समुदायवीचको सम्वन्ध

| क.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | न्यून | ६ | ३७.५% |
| २ | ठीकै | ४ | २५% |
| ३ | राम्रो | ३ | १८.७५% |
| ४ | नराम्रो | ३ | १८.७५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकामा हेर्दा सामुदायिक विद्यालय र सो विद्यालय रहेको समुदायका वीचमा राम्रो सम्वन्ध १८.७५% मात्र छ । यस्ता विद्यालयमा अभिभावकहरुको लगानी, रेखदेख र अपनत्वको भावना पाइयो भने अन्य अवस्थाहरु जस्तै न्यून रहने ३७.५% विद्यालयहरुमा कहिलेकाहीँ मात्र अभिभावकहरुको उपस्थिति हुने गरेको पाइयो । नराम्रो सम्वन्ध भएको १८.७५% विद्यालय र समुदाय सम्वन्धमा भने विद्यालयको अहितमा समुदायको भूमिका रहेको पाईयो । मानव सम्वन्ध सिद्धान्तका अनुसार कुनै संघ संस्थामा काम गर्ने ब्यक्तिहरु वीचको सुमधुर सम्वन्धले उक्त संस्थाको अधिकतम उपलब्धि हुन्छ । विद्यालयको अधिकतम उपलब्धिका लागि विद्यालय र समुदाय वीच मा सुमधुर सम्वन्ध हुनु आवस्यक हुन्छ ।

यसै सम्वन्धमा प्रधानाध्यापकको जवाफ विवरण निम्न अनुसार पाइएको छ ।

## ४.२.५ समुदायवाट विद्यालयलाई प्राप्त सहयोग

तालिका नं. : ८

समुदायवाट विद्यालयलाई प्राप्त सहयोग विवरण

| क.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समुदायवाट विद्यालयलाई सहयोग हुन्छ | २ | २५% |
| २ | समुदायवाट विद्यालयलाई सहयोग हुदैन | ४ | ५०% |
| ३ | आंशिक सहयोग हुन्छ | २ | २५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकावाट हेर्दा समुदायवाट विद्यालयलाई गरिने सहयोगको अवस्था सम्वन्धमा मिश्रित जवाफ पाइएको छ । सहयोग प्राप्त हुन्छ भन्ने जवाफ दिनेहरुले भौतिक निर्माणको कार्यमा सहयोग हुन्छ त्यस्तै विद्यालयका विभिन्न कार्यक्रममा सहभागिता हुने

गर्दछ । त्यस्तै सहयोग प्राप्त हुदैन भन्ने सम्वन्धमा कारण सोध्दा सामुदायिक विद्यालयमा सवै प्रकारका सहयोग सरकारी अनुदान वाट प्राप्त हुन्छ भने हामीले किन गर्ने भन्ने प्रतिप्रश्न गर्ने गरेको पाइयो । संघ संस्थामा नेतृत्व उत्प्रेरणा सहयोग र सहभागिताले मानव सम्वन्धको प्रतिनिधित्व गर्छ । समुदायको विद्यालयमा सहभागिता अपरिहार्य हुन्छ । विद्यालयको सर्वाङ्गीण विकासका पक्षमा समुदायको सहयोग आवश्यक पर्छ ।

## ४.२.६ प्र.अ लाई शिक्षकहरुवाट हुने सहयोग विवरण

तालिका नं. : ९

प्र.अ लाई शिक्षकहरुवाट हुने सहयोग विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्यता सधै | ४ | ५०% |
| २ | सहयोग हुदैन | १ | १२.५% |
| ३ | कहिले काही मात्र | १ | १२.५% |
| ४ | सधै | २ | २५% |

*श्रोतः स्थलगत सर्वेक्षण। २०६६*

माथिको तालिका हेर्दा विद्यालयको दैनिक क्रियाकलाप संचालनमा सामान्यत सधै सहयोग प्राप्त हुने जवाफ ५०% प्र.अ. हरुवाट पाइयो भने रचनात्मक रुपमा सहयोग दिनेहरुको प्रतिशत १२.५% सहयोग गर्नेहरुको प्रतिशत २५% छ भने विशेष सहयोग नगर्नेहरुको प्रतिशत १२.५% रहेको छ ।

मानव सम्वन्ध सिद्धान्तका अनुसार अवस्था अनुसार सवै पक्ष सँग पारस्परिक सम्वन्ध कायम गर्नु पर्दछ । प्रस्तुत अध्ययन क्षेत्रमा प्र.अ. हरुलाई शिक्षकहरुवाट कमै मात्रामा सहयोग प्राप्त भएको पाइन्छ ।

## ४.२.७ तालिम प्राप्त शिक्षक विवरण

शिक्षकहरुले लिएको तालिमको कारणले विद्यार्थीको शैक्षिक उपलब्धि प्रभावित हुन्छ । तालिम प्राप्त शिक्षकले प्रयोग गर्ने विधिमा विविधता हुन्छ तर तालिम अप्राप्त शिक्षकहरुको विधि परम्परागत हुन्छ । अध्ययन क्षेत्रमा रहेको शिक्षकहरुको तालिमको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं. : १०

तालिम विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सवै तालिम प्राप्त | ७ | ८७.५% |
| २ | तालिम प्राप्त अप्राप्त वरावरी | १ | १२.५% |
| ३ | तालिम अप्राप्त बढी | × | × |
| ४ | सवै तालिम अप्राप्त | × | × |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा प्रस्तुत अध्ययन क्षेत्रमा रहेका शिक्षकहरु मध्ये ८७.५% विद्यालयहरुमा सवै शिक्षकहरु तालिम प्राप्त छन् भने १२.५% विद्यालयहरुमा तालिम अप्राप्त शिक्षकहरु पनि रहेका छन् । समग्रमा प्रस्तुत अध्ययन क्षेत्रमा तालिम अप्राप्त शिक्षकहरुको न्यूनता रहेको छ ।

वैज्ञानिक व्यवस्थापन सिद्धान्तका अनुसार परम्परागत कार्यशैलिलाई परिवर्तन गरी आधुनिकीकरण गर्नु पर्दछ । यसका लागि शिक्षकले प्राप्त गर्ने तालिमको महत्वपूर्ण भूमिका हुने गर्दछ । तालिम प्राप्त शिक्षक हरुको संख्याको आधारमा यो अध्ययन क्षेत्रमा कार्यदक्षता भने बढेको पाइदैन ।

तालिम प्राप्त शिक्षक हुदाहुदै पनि एउटा विद्यालयले आफ्नो उदेश्य प्राप्तिकालागि अन्य विभिन्न कारकहरु छन् । जसको विवरण निम्न रहेको छ ।

## ४.२.८ विद्यालयमा आइपार्ने समस्या विवरण

तालिका नं. : ११

विद्यालयमा आइपार्ने समस्या विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राजनैतिक दवाव | ४ | ५०% |
| २ | बन्द हड्ताल | २ | २५% |
| ३ | समूहमा कार्य गराउन नसकिने | १ | १२.५% |
| ४ | समय अपर्याप्त | १ | १२.५% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा एउटा प्र.अ ले विद्यालय भोग्नु पर्ने समस्याहरुमा राजनैतिक दवाव ५०% बन्द हड्तालमा २५% तथा समयको अपर्याप्तताले आफ्नो लक्ष प्राप्त गराउन नसकिएको मा १२.५% तथा समूहमा काम गराउन नसकिएको मा १२.५% रहेको देखिन्छ । संघ संस्थामा काम गर्दा त्यसमा आईपर्ने वाधा व्यवधानहरुको समयमानै पहिचान गरी त्यसको निराकरण गर्नु जरुरी हुन्छ । कावु वाहिरका बाधा व्यवधानहरु हटाउन नसके पनि हटाउन सकिने व्यवधानहरुको निराकरण आवश्यक हुन्छ ।

### ४.२.९ नेतृत्व र मानव संसाधन

एउटा विद्यालयको प्रधानाध्यापकले मानव संसाधनको सक्षम ढंगले परिचालन गर्दै नेतृत्व प्रदान गर्न सक्नु पर्दछ । प्रस्तुत अध्ययन क्षेत्रमा प्र.अ. लाई मानव संसाधनका सम्वन्धमा गरिएको प्रश्नावलीको जवाफ निम्न पाइएको छ ।

तालिका नं. : १२


नेतृत्व र मानव सम्वन्ध सम्वन्धी जानकारी विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | केही जानकारी छैन | १ | १२.५% |
| २ | सामान्य जानकारी छ | ५ | ६२.५% |
| ३ | जानकारी भएपनि कार्यान्वयन गर्न सकिन्न | २ | २५% |
| ४ | जानकारी पनि छ र कार्यान्वयन पनि गरिन्छ | × | × |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा प्रस्तुत अध्ययन क्षेत्रमा नेतृत्व र मानव संसाधनको जानकारी राखेर कार्यान्वयन गर्ने प्र.अ. हरुको संख्या शुन्य छ । त्यसै गरी जानकारी भएतापनि कार्यान्वयन गर्न नसक्ने हरुको प्रतिशत २५% छ त्यस्तै सामान्य जानकारी राख्नेहरु ६२.५% र जानकारी नै नहुने हरुको प्रतिशत १२.५% रहेको छ । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

नेतृत्व र मानव सम्वन्ध सम्वन्धी जानकारी विवरण




वैज्ञानिक व्यवस्थापन सिद्धान्तका अनुसार नेतृत्व गर्ने व्यक्ति, मानव संसाधन परिचालनमा सक्षम हुनु पर्दछ । मानव यन्त्र होइन आधुनिक व्यवस्थापनमा मानव संशाधनको कुशल ढंगले परिचालन गर्न सक्नु पर्दछ । प्रस्तुत अध्ययन क्षेत्रमा सो अनुसार भएको पाइएन ।

सामुदायिक विद्यालयमा अभिभावकको लगानी न्यून छ । कुनै प्रकारको शुल्क तिर्नु पर्दैन विभिन्न प्रकारका छात्रवृत्तिहरु पनि पाइन्छ तर पनि अभिभावकहरुले आफ्ना नानीहरु किन सामुदायिक विद्यालय नलगेर संस्थागत विद्यालयनै लैजान्छन भन्ने प्रश्नावलीको जवाफ निम्न अनुसार पाइएको छ ।

## ४.२.१० संस्थागत विद्यालय लानुको कारण

तालिका नं. : १३


संस्थागत विद्यालय लानुको कारण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको गुणस्तर राम्रो छैन | ४ | ४०% |
| २ | छर छिमेक सवैले सामुदायिक विद्यालय पढाउछन् | १ | १०% |
| ३ | सामुदायिक विद्यलयको व्यवस्थापन ठीक छैन | १ | १०% |
| ४ | अंग्रेजी माध्यम समयको माग हो | ४ | ४०% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा ४०% अभिभावकहरु गुणस्तरीय शिक्षाका लागि आफ्ना नानीहरु संस्थागत विद्यालय पठाउछन् । त्यस्तै ४०% अभिभावकहरुमा अंग्रेजी माध्यम प्रतिको मोह छ भने १०% अभिभावकहरुले छर छिमेकीको देखासिकी गरेको पाइन्छ भने १०% अभिभावकहरु सामुदायिक विद्यालयको व्यवस्थापन पक्षमा दोष लगाउछन् । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

संस्थागत विद्यालय लानुको कारण




मास्लोको आवश्यकतामा आधारित सोपानमा जसरी आवश्यकताहरुको परिवर्तन हुदै जान्छ त्यसरी नै शिक्षा प्राप्त गर्ने सवालमा पनि संख्यात्मक वा परिमाणत्मक रुपमा शिक्षा प्राप्तिको चाहानामा परिवर्तन भई गुणात्मक शिक्षाको चाहना पनि संस्थागत विद्यालय लैजाने कारण हो ।

यही प्रश्न स्थानीय स्तरका शिक्षाकर्मीहरु १० जनालाई सोधिएको मा वहाहरुको जवाफ यस्तो छ ।

तालिका नं. : १४


संस्थागत विद्यालय रोजाई विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालयको गुणस्तर छैन | ६ | ६०% |
| २ | समयको माग | १ | १०% |
| ३ | अंग्रेजी शिक्षाको मोह | ३ | ३०% |
| ४ | शिक्षामा लगानी गर्ने चासो | × | × |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा ६०% शिक्षकर्मीहरु सामुदायिक विद्यालयको गुणस्तरमा दोष लगाउछन् । ३०% ले अंग्रेजी शिक्षाको मोह र १० % ले समयको माग नै संस्थागत विद्यालय हो भन्ने गर्दछन् । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

संस्थागत विद्यालय रोजाई विवरण




संघ सस्थाले प्रदान गर्ने सेवाको गुणस्तर प्रतिस्पर्धी बन्न सक्नु त्यसलाई दीर्घ जीवन प्रदान गर्ने उपाय हो । जव सेवाको गुणस्तर प्रतिस्पर्धी वन्न सक्तैन त्यसप्रतिको आर्कषण पनि घट्दै जान्छ ।

यस्तो अवस्थाको सिर्जनाहुनुमा को जिम्मेवार छ भनी गरिएको प्रश्नमा शिक्षाकर्मीहरुको जवाफ निम्न छ ।

तालिका नं. : १५


जिम्मेवारी विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन | २ | २०% |
| २ | प्र.अ. तथा शिक्षक | ४ | ४०% |
| ३ | अभिभावक | १ | १०% |
| ४ | शिक्षा प्रणाली | ३ | ३०% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकामा सामुदायिक विद्यालयहरुको यो अवस्था सिर्जना हुनुमा ४०% शिक्षाकर्मीहरुले प्र.अ. र शिक्षकहरुलाई दोष लगाएका छन्, २०% ले विद्यालय व्यवस्थापन तथा ३०% ले शिक्षा प्रणालीलाई र १०% ले अभिभावकलाई दोष लगाएका छन् । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

जिम्मेवारी विवरण




मानव सम्वन्ध सिद्धान्त अनुसार संघ संस्थामा कार्यरत व्यक्तिहरुका वीचमा सुमधुर सम्वन्ध कायम हुनु जरुरी हुन्छ । संस्थाको हित भएमा आफ्नो जिम्मेवारी सम्फने र अहित भएमा वा संस्थाको अवनति हुदै गएमा अरुलाई जिम्मेवार ठान्ने प्रवृति ले संस्थाको अफै अहित गर्दै जान्छ ।

## ४.२.११ विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

हरेक विद्यालयमा शिक्षा ऐन २०२८ को नियम १२ तथा शिक्षा नियमावली २०५९ को नियम २३ मा व्यवस्थापन समितिको गठनको व्यवस्था गरिएको छ ।  सोही अनुसारको विद्यालय व्यवस्थापन समिति गठन हुने गर्दछ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको रेखदेख गर्नुका साथै सुसंचालनमा सघाउ पुऱ्याउन्छ तर सवै विद्यालयहरुका विद्यालयमा व्यवस्थापन समीति भने सक्षम हुदैनन् । प्रस्तुत अध्ययन क्षेत्रमा नमुनामा परेका आठ विद्यालयका व्यवस्थापन समिति शिक्षा नियमावलीमा उल्लेख भएका व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकारका वारेमा सोधिएको प्रश्नावलीको जवाफ निम्न अनुसार पाइयो ।

तालिका नं. : १६

काम, कर्तव्य र अधिकारको जानकारी विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रशस्त जानकारी छ, सोही वमोजिम काम गरिन्छ | १ | १२.५% |
| २ | थोरैमात्रामा जानकारी छ | २ | २५% |
| ३ | जानकारी छैन अनुभव र सल्लाहले काम गरिन्छ | ५ | ६२.५% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

तालिका १६ मा उल्लेख भए अनुसार अधिकांश ६२.५% विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारका वारेमा जानकारी छैन थोरै मात्रामा जानकारी राख्ने अध्यक्षहरु २५.५% मात्र छन् ।

विद्यालय व्यवस्थापन समितिले आफ्ना विभिन्न कार्यहरु संचालन गर्नका लागि नियमितरुपमा वैठक बस्नुपर्ने हुन्छ । आफ्नो अधिकार र कर्तव्य प्रति सवै पदाधिकारी हरु सचेत रहनु आवश्यक हुन्छ । बैठकमा भएको छलफल र निश्कर्षका आधारमा विद्यालयका नियमित तथा नवीन कार्यहरु संचालन गर्नु पर्दछ यसै सम्वन्धमा प्रश्तुत अध्ययन क्षेत्रमा वैठकको नियमितता वारे सोधिएका प्रश्नावलीको जवाफ निम्न वमोजिम पाइयो

तालिका नं. १७

बैठक बस्ने अवधि विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्येक २ महिनाको एकपटक | २ | २५% |
| २ | समस्या उत्पन्न भएको अवस्थामा | ५ | ६२.५% |
| ३ | नियमित बस्छ औपचारिक हुदैन | १ | १२.५% |
| ४ | अन्य | × | × |

श्रोतः स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका हेर्दा अधिकांश ६२.५% विद्यालयमा विद्यालय व्यवस्थापन समितिको वैठक समस्या उत्पन्न भएमा मात्र बस्ने गर्दछ विद्यालय प्र.अ. ले कुनै नयाँ वा रचनात्मक कार्यका लागि पत्राचार गरी वैठक वस्ने गर्दछ तर यस्तो गरिएको कमै मात्र पाइन्छ भने २५% विद्यालयमा नियमित २ महिनामा १ पटक वैठक वस्छ त्यसैगरी वैठकलाई औपचारिकता नदिने तर सामान्य छलफलमात्र गर्ने विद्यालयहरु १२.५% पाइयो ।

यसरी वैठक वस्दा विद्यालयको शैक्षिक गुणस्तरका सवालमा छलफल हुन्छ, हुदैन भनी सोधिएको प्रश्नमा निम्न अनुसारको जवाफ पाइयो ।

तालिका नं. १८

गुणस्तरका सवालमा छलफल विवरण

| क.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुन्छ | २ | २५% |
| २ | हुदैन | ४ | ५०% |
| ३ | केही छलफल हुन्छ | २ | २५% |

श्रोतः स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका हेर्दा विद्यालय व्यवस्थापन समितिको वैठकमा शैक्षिक गुणस्तरका विषयमा कमै मात्र छलफल हुने गर्दछ अर्थात यसरी शैक्षिक गुणस्तरको वारेमा छलफल गर्ने गरिएको जवाफ २५%बाट मात्र पाइयो । यसरी विद्यालयको मूल उद्देश्य यसको शैक्षिक गुणस्तर उकास्ने हुनु पर्ने मा यस्तो नपाइनु विद्यालयको हित अनुकूल छैन ।

## ४.३ विद्यार्थी संख्याको न्यूनतावाट विद्यालयलाई पर्ने प्रभाव

सामुदायिक विद्यालयको प्राथमिकतहमा दिनदिनै विद्यार्थीको संख्या घट्दो अवस्थामा रहेको छ यस्तो अवस्था यथावत रहदा विद्यालय सार्नु ,गाभ्नु वा बन्द गर्नु पर्दछ । शिक्षक दरवन्दी कट्छ एकातर्फ न्यून संख्यामा रहेका विद्यार्थीहरुको पठनपाठनका लागि कक्षागत रुपमा शिक्षकहरुको व्यवस्थागर्दा सरकारी व्ययभार बढ्न जान्छ भने अर्को तर्फ पर्याप्त शिक्षक दरबन्दि व्यवस्था गर्न नसक्दा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिदैन । यसै सन्दर्भमा नमुनामा रहेका विभिन्न व्यक्तिहरुलाई गरिएको प्रश्नावली र तिनीहरुको जवाफ विवरण निम्न अनुसार रहेको छ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या दिन दिनै घट्दै जाँदा कस्तो प्रभाव पर्दछ भनी प्रत्येक नमुनामा परेका विद्यालय वाट २ जना शिक्षकहरुले दिएको जवाफ विवरण निम्न अनुसार छ ।

तालिका नं. : १९


विद्यालयलाई पर्ने प्रभाव विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक दरवन्दी कट्छ | १० | ६२.५% |
| २ | सरकारको लगनी खेर जान्छ | २ | १२.५% |
| ३ | कुनै फरक पर्दैन | १ | ६.२५% |
| ४ | स्कुल बन्द गर्नु पर्छ | ३ | १८.७५% |

*श्रोत: स्थल गत सर्वेक्षण, २०६६*

माथिको तालिकाको विशलेषण गर्दा ६२.५% शिक्षकहरुले शिक्षक दरवन्दि कट्ने, १२.५% ले सरकारको लगानी खेर जाने ६.५% ले कुनै फरक नपर्ने तथा १८.७५% ले स्कुल वन्द गर्नु पर्छ भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइएको छ । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

विद्यालयलाई पर्ने प्रभाव विवरण




नमुनामा परेका १० जना अभिभावकहरुलाई आफ्ना वालवालिकाहरु सामुदायिक वा संस्थागत विद्यालय कहाँ पढाउनु हुन्छ भनी गरिएको प्रश्नको जवाफ विवरण निम्न अनुसार पाइएको छ ।

तालिका नं. : २०

वालवालिका पढाउने विद्यालय विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामुदायिक | २ | २०% |
| २ | संस्थागत | ६ | ६०% |
| ३ | पहिले सामुदायिक हाल संस्थागत | २ | २०% |

श्रोतः स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा सामुदायिकविद्यालयमा आफ्ना वालवालिकाहरु सामुदायिक विद्यालयमा पठाउने अभिभावकहरु २०% मात्र पाइएको र संस्थागत विद्यालय पठाउने अभिभावकहरु ६०% पाइएको छ । पहिले सामुदायिक विद्यालय पठाउने २०% अभिभावकले हाल संस्थागत विद्यालय पठाएको पनि पाईयो ।

सामुदायिकविद्यालय पठाउने अभिभावकहरुलाई किन त्यँहा पठाउनु हुन्छ भनी गरिएको प्रश्नमा कुनै प्रकारको शुल्क तिर्नु नपर्ने तथा छात्रवृत्ति समेत पाइने प्रतिक्रिया व्यक्त गरेको पाइयो भने संस्थागत विद्यालयमा पठाउनेहरुले पढाइको स्तर राम्रो र अनुशासन राम्रो भएकोले त्यँहा पठाउछु भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । सामुदायिक विद्यालयमा आफ्ना वालवालिकाहरु पठाउने अभिभावकहरु आफ्ना नानीहरुको पढाइवारे वुझ्न विद्यालय विरलै मात्र जानेगरेको र संस्थागत विद्यालय पठाउने अभिभावकहरु नियमित रुपमा विद्यालय जाने गरेको पाईयो ।

सामुदायिक विद्यालयमा घट्दो विद्यार्थी संख्याले पार्ने प्रभावका सम्वन्धमा नमुनामा परेका ८ जना विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट पाइएको जवाफ निम्न अनुसार रहेको छ ।

## ४.३.१ विद्यार्थी संख्याको न्यूनताले पार्ने प्रभाव

तलिका नं. : २१

न्यूनताको प्रभाव विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षक दरवन्दि कट्छ | ६ | ७५% |
| २ | स्कुल बन्द गर्नु, गाभ्नु पर्छ | २ | २५% |
| ३ | केही हुदैन | × | × |
| ४ | अन्य | × | × |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकामा हेर्दा विद्यार्थी संख्याको न्यूनताले पार्ने प्रभाव सम्वन्धमा ७५% अध्यक्षहरुले शिक्षक दरबन्दी कट्ने र २५% ले स्कुल बन्द गर्नु गाभ्नु पर्छ भनेको छन् । यसरी विद्यार्थी संख्या दिनदिनै घट्दै जादा शिक्षक दरबन्दी काटिदै जाने, कम शिक्षकले बढी कक्षामा पठन पाठन गर्नु पर्दा गुणस्तर कायम राख्न सकिदैन यसरी गुणस्तर घट्दै जादा झन विद्यार्थी संख्या घट्छ र यो अवस्थामा स्कुल नै बन्द गर्नु पर्ने सार्नु वा गाभ्नु पर्ने अवस्था पनि सिर्जना हुनसक्तछ ।

विद्यार्थी संख्याको न्यूनताको प्रभावका सम्वन्धमा स्थानीय स्तरमा उपलब्ध शिक्षाकर्मीहरुलाई सोधिएको प्रश्नावलीहरु र जवाफको विवरण निम्न अनुसार रहेको छ । हालको सामुदायिक विद्यालयको प्राथमिक तहको अवस्था प्रति कति जानकारी हुनुहुन्छ भन्ने प्रश्नावलीको जवाफ यस्तो छ ।

तालिका नं. २२

विद्यालय सम्वन्धि जानकारी विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुनै जानकारी छैन | × | × |
| २ | अलिअलि जानकारी छ | २ | २0% |
| ३ | सामान्य जानकारी छ | ३ | ३0% |
| ४ | पूर्ण जानकारी छ | ५ | ५0% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

स्थानीय स्तरका शिक्षाकर्मीहरु मध्ये ५0% ले हालको सामुदायिक विद्यालयको पूर्ण जानकारी राख्दछन् ३0% सामान्य जानकारी राख्दछन् भने २0% मा कमै मात्र जानकारी छ ।

सामुदायिक विद्यालयको हालको अवस्था प्रति कति सन्तुष्ट हुनुहुन्छ भनी गरिएको प्रश्नावलीको जवाफ विवरण निम्न छ ।

तालिका नं. : २३


विद्यालय प्रतिकृया विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | असन्तुष्ट | ८ | ८०% |
| २ | कम सन्तुष्ट | २ | २०% |
| ३ | पूर्ण सन्तुष्ट | × | × |
| ४ | अन्य | × | × |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

हालको विद्यमान अवस्था प्रति ८०% शिक्षाकर्मीहरु असन्तुष्ट रहेको पाइयो भने २०% शिक्षाकर्मीहरु कम सन्तुष्ट रहेको पाइयो । कम सन्तुष्ट भनी प्रतिक्रिया व्यक्त गर्ने शिक्षाकर्मीहरुको भनाइमा यो अवस्थालाई अझै पनि सुधार गर्ने अवस्थाहरु छन् त्यसैले कमैमात्र सन्तुष्ट रहेको विचार पाइएको छ । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

विद्यालय प्रतिकृया विवरण



## ४.४ सामुदायिक विद्यालयको विद्यमान अवस्थाको सुधारगर्ने उपायहरु

सामुदायिक विद्यालयमा दिनानुदिन विद्यार्थीको सख्या घट्दै गइरहेको छ । यस अवस्थालाई सुधार गर्न तत्काल ठोस कदम चाल्नु पर्ने भएको छ। यसै सम्वन्धमा नमुनामा परेको विभिन्न व्यक्तिहरु सँग गरिएको प्रश्नावलीको जवाफ निम्न अनुसार रहेको छ।

नमुनामा परेको १६ जना शिक्षकहरुवाट आएको जवाफ विवरण निम्न छ।

तालिका नं. : २४

विद्यमान अवस्थाको सुधार गर्ने उपाय विवरण

| क.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वाल मैत्री कक्षा संचालन गर्नुपर्छ | ६ | ३७.५% |
| २ | अंग्रेजीको पाठ्यपुस्तक थप्नु पर्छ | ८ | ५०% |
| ३ | समुदायवीचको सम्वन्ध वढाउनु पर्छ | २ | १२.५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका हेर्दा विद्यमान अवस्थाको सुधारका लागि अंग्रेजी प्रतिको मोह वढी देखिन्छ। जसमा अंग्रेजी पाठ्यपुस्तक थप्नु पर्ने जवाफ ५०% शिक्षकहरुको छ। त्यसैगरी ३७.५% ले वालमैत्री व्यवस्थापन र १२.५% ले समुदाय र विद्यालयको सम्वन्ध वढाउनुपर्ने सुझाव दिएको पाइयो।

यसै सम्वन्धमा नमुनामा परेका ८ जना प्रधानाध्यापकहरुलाई सोधेको प्रश्नावलीको जवाफ निम्न पाइएको छ। सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थी संख्या घट्दो अवस्थामा छ यस सम्वन्धमा के गर्नुपर्ला ?

तालिका नं. : २५

विद्यमान् अवस्था सुधारको उपाय विवरण

| क.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | यो अवस्था यस्तै छोडिदिने | × | × |
| २ | विद्यालयको पहल हुनुपर्छ | ४ | ५०% |
| ३ | समुदायको पहल हुनुपर्छ | २ | २५% |
| ४ | सरकारी पहल हुनुपर्छ | २ | २५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

सामुदायिक विद्यालयको विद्यमान अवस्था सुधारगर्न विद्यालयको पहल हुनु पर्ने धारणा ५०% प्र.अ.हरुको छ । त्यसैगरी २५% प्र.अ.हरु समुदाय र २५% प्र.अ.हरु सरकारी नीति लाई जिम्मेवार ठान्दै सोही अनुसारको धारणा राख्ने गरेको पाइएको छ । विद्यालयको अवस्था सुधारका लागि भावी योजनाका वारेमा सोधिएको प्रश्नावलीको जवाफ निम्न पाइयो ।

### ४.४.१ विद्यालयको भावी योजना

तालिका नं. : २६

विद्यालयको योजना विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुनै योजना छैन | २ | २५% |
| २ | पाठ्यपुस्तक थपगरी समय सामेक्ष वनाउने | ४ | ५०% |
| ३ | कक्षा कोठा थप गर्ने | १ | १२.५% |
| ४ | भर्ना अभियान चलाउने | १ | १२.५% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

हाल संचालनमा रहेका वा पठनपाठन भइरहेका पाठ्यपुस्तकहरुले दिएको पाठ्यवस्तुको अपर्याप्तता महशुसगरी थप पाठ्यपुस्तकको पठनपाठनका लागि योजना वनाउने प्र.अ.हरु ५०% पाइयो । योजना विहिन प्र.अ.हरु २५% र भौतिक निर्माण गर्ने र भर्ना अभियान चलाउने योजना भएका प्र.अ.हरु १२.५%, १२.५% पाइयो । यो अवस्था सुधारका लागि प्र.अ.हरुवाट आएको सुझाव निम्न अनुसार छ ।

वालमैत्री कक्षाको व्यवस्थापन र संचालन गर्नु पर्छ । थप पाठ्यपुस्तकको प्रयोग गरी पठन पाठन गर्नुपर्छ । समुदाय र विद्यालय वीचको सम्वन्ध स्थापना हुनुपर्दछ भन्ने सुझाव पाइयो । यसका लागि शिक्षक तथा प्र.अ.को क्षमता अभिवृद्धिको लागि भएको योजना सम्वन्धी जवाफ निम्न अनुसार पाइयो ।

तालिका नं.  : २७

योजना विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | योजना छ | २ | २५% |
| २ | योजना छैन | ४ | ५०% |
| ३ | केही मात्रामा योजना छ | २ | २५% |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

अधिकांश विद्यालय अर्थात ५०% सँग मानव क्षमता अभिवृद्धिको कुनै योजना छैन भने २५% विद्यालय सँग मात्र योजना छ र २५% विद्यालय संग आंशिक योजना छ । योजना हुनेहरुले छोटो अवधिको पुनर्ताजगी तालिम, गोष्ठीको संचालन गर्ने योजना भएको वताए भने योजना नहुनेहरुले आफूसँग बजेट नभएको साथै कस्तो योजना वनाउने भन्ने जानकारी नै नभएको वताएको पाइयो ।

यसै सन्दर्भमा नमुनामा परेका १० जना अभिभावकहरुलाई सामुदायिक विद्यालय कस्तो भएमा आफ्ना नानीहरु त्यँहा पठाउनु हुन्छ भनी गरिएको प्रश्नावलीको जवाफ निम्न अनुसार पाइयो ।

तालिका नं. : २८


सामुदायिक विद्यालयको अवस्थाको अपेक्षाको विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पठनपाठन नियमित भएमा | २ | २०% |
| २ | पढाइको माध्यम अंग्रेजी भएमा | ६ | ६०% |
| ३ | थप पाठ्यपुस्तको पठनपाठन भएमा | २ | २०% |
| ४ | व्यवस्थापन सुधार भएमा | - | - |

*श्रोतः स्थलगत सर्वेक्षण, २०६६*

अधिकांश अर्थात ६०% अभिभावकहरुले पढाइको माध्यम अंग्रेजीको चाहना गरे २०% अभिभावकले पढाइको नियमीतता र २०% अभिभावकहरुले थप पाठ्य पुस्तकको चाहना गरेको पाईयो । थप पाठ्यपुस्तकको चाहना गरेकोभए पनि अप्रत्यक्षत अंग्रेजी प्रतिको मोह नै हो । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

सामुदायिक विद्यालयको अवस्थाको अपेक्षाको विवरण




नमुनामा परेका ८ जना वि.व्य.स. अध्यक्षहरुको विद्यार्थी संख्या वढाउन गर्न सकिने उपाय सम्वन्धमा गरिएको प्रश्नावलीको जवाफ निम्न पाइयो ।

## ४.४.२ विद्यार्थी संख्या बढाउने उपाय

तालिका नं. : २९


विद्यार्थी संख्या वढाउने उपाय विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्तरीय पाठ्यक्रम राख्नु पर्छ | १ | १२.५% |
| २ | अध्यापनको माध्यम अंग्रेजी राख्नुपर्छ | ६ | ७५% |
| ३ | विद्यालय व्यवस्थापनमा सुधार गर्नुपर्छ | १ | १२.५% |
| ४ | विद्यार्थी संख्या बढाउन सकिदैन | × | × |

श्रोतः स्थलगत सर्वेक्षण, २०६६

अधिकांश वि.व्य.स. अध्यक्षहरु अर्थात ७५% अध्यक्षहरु अंग्रेजी माध्यम प्रतिको मोह देखाउछन् । १२.५% ले स्तरीय पाठ्यक्रम राख्नुपर्ने र १२.५% ले विद्यालयको व्यवस्थापनमा सुधार गर्नुपर्ने सुझाव दिन्छन् । यसलाई चित्रात्मक रुपमा निम्न अनुसार देखाउन सकिन्छ ।

विद्यार्थी संख्या वढाउने उपाय




## ४.४.३ मानवीय क्षमताको अभिवृद्धि

विद्यालयमा नयाँ कार्यक्रम लागू गराउनका लागि मानवीय क्षमताको अभिवृद्धि गराउनु आवश्यक हुन्छ । यस प्रतिको धारणा प्रति वि.व्य.स. अध्यक्षहरु सँग गरिएको प्रश्नावलीको जवाफ निम्न छ ।

तालिका नं. : ३०

क्षमता अभिवृद्धि विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षमता अभिवृद्धि गर्नुपर्छ | ४ | ५०% |
| २ | पर्याप्त छ परिचालन गर्न सक्नुपर्छ | ४ | ५०% |
| ३ | कुनै प्रतिक्रिया छैन | - | - |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

विद्यालयको विद्यमान अवस्थामा सुधार गर्ने सम्वन्धमा मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । ५०% अध्यक्षहरु क्षमता अभिवृद्धि गर्नुपर्ने वताउछन् भने ५०% अध्यक्षहरु हाल क्षमता पर्याप्त छ त्यसलाई परिचालन गर्न सक्नु पर्छ भन्दछन् । वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कुनै संस्था संग सम्वन्धित मानवीय क्षमताको अभिवृद्धि गरी त्यसलाई आधुनिकीकरण गर्नु आवश्यक हुन्छ । प्रस्तुत अध्ययन क्षेत्रमा क्षमता अभिवृद्धि सम्वन्धमा मिश्रित प्रतिकृया पाईएको छ ।

### ४.४.४ विद्यालयको व्यवस्थापनमा सुधार

विद्यालयको व्यवस्थापन सुधारका लागि गरिएको प्रश्नावलीवाट प्राप्त जवाफ निम्न अनुसार रहेको छ ।

तालिका नं. : ३१

व्यवस्थापन सुधारको उपाय विवरण

| क्र.सं. | विवरण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रधानाध्यापक लगायत शिक्षकलाई तालिम दिनुपर्छ | ५ | ६२.५% |
| २ | प्रधानाध्यापक लाई अधिकार सम्पन्न वनाउनुपर्छ | १ | १२.५% |
| ३ | अभिभावकले विद्यालय प्रति चासो देखाउनुपर्छ | २ | २५% |

*श्रोत: स्थलगत सर्वेक्षण, २०६६*

विद्यालयको व्यवस्थापन सुधारका लागि ६२.५% विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक लगायत शिक्षकलाई तालिम दिनुपर्छ भने १२.५% ले प्रधानाध्यापकलाई अधिकार सम्पन्न बनाउनुपर्ने तथा २५% ले अभिभावकले विद्यालय प्रति चासो देखाउनुपर्छ भन्ने जवाफ पाइयो । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वढाउने उपायका सम्वन्धमा शिक्षा कर्मीहरुले दिनुभएका सुझावहरु निम्न छन् :

वालमैत्री कक्षा व्यवस्थापन र संचालन गर्नु पर्छ । थप पाठ्यपुस्तकको व्यवस्था गरी पठनपाठन गर्नु पर्छ । समुदाय सँगको सम्वन्ध विस्तार सुमधुर बनाउनु पर्छ । विद्यालय व्यवस्थापनमा सुधार गर्नु पर्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अध्ययनको निष्कर्ष तथा सुझावहरुलाई समावेस गरिएको छ । विद्यालयको भौतिक अवस्था, विद्यार्थीहरुको संख्यात्मक सहभागीता, विद्यालय प्रतिको शिक्षक प्रधानाध्यापक तथा अभिभावकहरुको अवधारणा सम्बन्धमा अवलोकन, अन्तर्वार्ता र प्रश्नावलीबाट प्राप्त सूचनाको विश्लेषणको आधारमा अध्ययनको निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यस अध्ययनवाट प्राप्त भएका मुख्य मुख्य प्राप्तिहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

धनकुटा नगरपालिकाको नगरक्षेत्रको प्रा.वि. तहमा वर्षे पिच्छे विद्यार्थी संख्या घट्दै गइरहेको छ । अभिलेखमा भन्दा ज्यादै थोरै संख्यामा मात्र विद्यार्थीहरु कक्षामा छन् । दरवन्दी कायम राख्न गलत विवरण पेश गर्ने गरिन्छ ।  सामुदायिक विद्यालयमा समय सापेक्ष पाठ्य सामग्रीहरु थपिएको छैन । सामान्य आय भएका अभिभावकहरुले समेत सामुदायिक विद्यालय छोडेर आफ्ना वालवालिकाहरु संस्थागत विद्यालय पठाउछन् । आफ्नै समुदायमा भएको सामुदायिक विद्यालय प्रति अभिभावकहरुको विश्वास छैन । विद्यालयले समुदाय संग सम्वन्ध सुमधुर वनाउन कुनै ठोस कदम चालेको पाइदैन । भौतिक सुविधा अन्तरगत कक्षा कोठाहरु सामान्य अवस्थामा रहेका शौचालयको व्यवस्थित प्रयोग हुन सकेको छैन । स्वच्छ खानेपानीको व्यवस्था छैन । विद्यार्थीहरुको विद्यालय पोशाकको नियमितता र सरसफाइमा ध्यान दिएको पाइदैन । पूरा समय विद्यालय संचालन भएको पाईदैन सरकारी बिदा, बन्द, हड्ताल जस्ता कारणहरुले एक शैक्षिक सत्रमा निर्धारित समय कक्षा संचालन भएको पाइदैन । समय सापेक्ष आफ्नो क्षमताको विकास गर्न कसैले पनि ठोस कदम चालेको पाइदैन । राजनैतिक दवावका कारण प्रधानाध्यापकले शिक्षकहरुलाई उनीहरुको कार्यक्षमता पहिचान गरी काम गराउन सकेको पाइदैन । जिल्ला तहवाट विद्यालयहरुको निरीक्षण गरी ठोस सुझव दिएको पाइदैन । लामो समय देखि विद्यालयको निरीक्षण भएकै छैन ।आर्थिक रुपले विपन्न परिवारका वालवालिकाहरु मात्र सामुदायिक विद्यालय आउने गर्दछन् । विद्यमान समस्या समाधानका लागि विद्यालयमा कुनै ठोस योजना छैन योजना वनाउनेहरु कार्यान्वयनमा चुनौति देख्छन् ।

## ५.२ निष्कर्ष

एउटा विद्यालयको कार्य कुशलताको मापन त्यो विद्यालयवाट तह पूरा गरी निस्कने विद्यार्थी संख्या र विद्यालय प्रति विद्यार्थीहरुको आकर्षणका आधार मानिन्छ । हालको अवस्थामा विद्यार्थीहरुको वहाव सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी छ । सामुदायिक विद्यालयहरुको विश्वसनियता घट्दै गइरहेको छ । नगर क्षेत्रमा विद्यार्थी संख्या बढ्दै गएको तर सामुदायिक विद्यालयमा प्राथमिक तहमा विद्यार्थी संख्या घट्दो अवस्थामा छ, सामुदायिक विद्यालय प्रति अभिभावकको चासो कम छ । समयको परिवर्तन सँगै अंग्रेजी प्रतिको मोह बढ्दै गएको छ । शिक्षकहरुमा इच्छा शक्तिको कमी छ । उनीहरु कर्तव्यभन्दा अधिकारको उपयोग गर्न चाहान्छन् । प्र.अ. तथा व्यवस्थापन समितिको पदाधिकारीहरु मध्ये ज्यादै कमले मात्र मानव संसाधन व्यवस्थापनको जानकारी राख्दछन् । विभिन्न कारणहरुले सामुदायिक विद्यालयको प्राथमिक तहमा विद्यार्थीहरुको संख्या घट्दो अवस्था प्रति विद्यालय शिक्षक प्र.अ. व्यवस्थापन समिति चिन्तित भएता पनि यो अवस्थाको सुधार गर्न कुनै ठोस कदम छैन, भएपनि अति न्यून छ जो पर्याप्त छैन । विद्यमान नीति नियम, जिम्मेवारी वहन नगर्ने प्रवृतिको विकास, प्रतिवद्धताको कमी जस्ता कारणहरुलेनै सामुदायिक विद्यालयमा विद्यार्थी सहभागिता कम हुदै गएको हो ।

## ५.३ सुझाव

यस अध्ययनवाट प्राप्त उपलब्धि तथा प्राप्तिका आधारमा अध्ययनको उद्देश्य अनुसारका समस्याहरुको समाधानका लागि निम्न अनुसारको सुझावहरु प्रश्तुत गरिएको छ ।

### नितिगत तहमा

शिक्षा सम्वन्धी स्पष्ट नीति बन्नु पर्दछ । शैक्षिक गुणस्तरको अभिवृद्धिका लागि वाधक वन्ने ऐन नियमहरु तुरुन्तै परिवर्तन गर्नु पर्दछ । विद्यालय नक्साङ्कनको आधारमा विद्यालय सार्ने गाभ्ने हटाउने वा स्तर वृद्धि गराउने नीति वनाउनु र कार्यान्वयन गराउनु पर्दछ । विद्यालयको समग्र सफलता र असफलताको केन्द्रविन्दु प्रधानाध्यापक हुने भएकोले परिणाम मुखी थप योग्यता भएको प्रतिवद्ध व्यक्तिलाई प्रधानाध्यापकमा नियुक्त गर्नु पर्छ ।प्राथमिक शिक्षकहरुको तालिम प्याकेजमा समयानुकूल सुधारगरी मानव संशाधन व्यवस्थापनको विषय वस्तु पनि राख्नु पर्दछ । प्राथमिक तहको पाठ्यक्रममा समयानुकूल सुधार गरी समय सापेक्ष बनाउनु पर्छ ।

अनुसन्धान तहमा

निरीक्षण व्यवस्थालाई नियमित गरी प्राप्त सूचनाका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गर्नु पर्दछ । सामुदायिक विद्यालयको प्राथमिक तहको विद्यमान अवस्थाको सुधारका लागि श्रोत केन्द्र र जिल्लातहमा समेत प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु समेतका लागि मानव सम्साधन व्यवस्थापन सम्वन्धी तालिम, गोष्ठी र अन्तरक्रिया संचालन गर्नु पर्दछ ।

अभ्यास तहमा

व्यवस्थापन समितिको गठन गर्दा राजनैतिकरुपले अभिप्रेरित नभई विशुद्ध शैक्षिक उन्ततिको मुद्धाहरु आत्मसात गर्नु पर्दछ । समय सापेक्ष, समयको माग वमोजिम अतिरिक्त पाठ्यसामग्रीहरुको पठनपाठन, वालमैत्री कक्षा व्यवस्थापन, विद्यालय समुदाय सम्वन्ध सुधार जस्ता आफ्नै मौलिक कार्यक्रमहरुको योजना निर्माण र कार्यान्वयन गराउनु पर्दछ । प्रधानाध्यापकले आँफूलाई परम्परागत प्रशासन र व्यवस्थापन प्रकृयावाट टाढा राख्दै समय सापक्ष आधुनिक अवधारणा अनुसार बदल्न सक्नु पर्दछ यसका लागि नेतृत्व सीप, व्यवस्थापन, मानव संसाधन परिचालन जस्ता सीपहरु प्रति सू-सूचित हुनु पर्दछ । अध्ययन र तालिमवाट आफ्नो क्षमताको विकास गरी त्यसको उपयोग विद्यालयमा गर्नु पर्दछ । शिक्षक स्वयंले व्यक्तित्व विकासगरी आफूलाई समय सापेक्ष बनाउनु पर्दछ । त्यसका लागि क्षमताको विकास गर्नु पर्दछ । आफ्नो कर्तव्यको वोध गरी अधिकार खोज्नु पर्दछ । विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु सँग आदर भाव राख्ने विद्यालय समुदाय सम्वन्ध सुधारमा सहयोग गर्ने वाल मनोविज्ञान वुझेर शिक्षण गर्ने तथा वाल मैत्री कक्षा कोठा र कक्षा संचालनमा दत्तचित्त रहनु पर्दछ । शिक्षकले कक्षा संचालनमा आधुनीकीकरण गर्दै समय सापेक्ष सुधार गर्नु पर्छ । शिक्षकहरुको विद्यालयमा नियमित उपस्थिति, शिक्षण कार्य, शिक्षकका लागि प्रदान गरिएको समय, विद्यालयको प्रशासनिक व्यवस्था विद्यालय निरीक्षण प्रणाली र विद्यार्थीको अनुशासन जस्ता पक्षहरुमा सम्वन्धित सवैले ध्यान पुऱ्याउनु पर्छ । अभिभावकहरुलाई सचेत गराउनु पर्दछ ।